का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ मंसिर २०८१,
आइतबार
24 November, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
इपेपर हेर्न
वर्ष २२, अंक २७५ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com




# राहतको पर्खाइमा पहिरो प्रभावित



पालिका स्तरबाट गर्न सक्ने गरिरहेका छौं । खाद्यान्न हेलिकप्टरबाट लैजानुपर्ने बाध्यता हटाएका छौं । अस्थायी आवासका लागि रकम उपलब्ध गराउन भने कार्यविधिगत अप्ठ्याराहरू छन्

**भगवान अधिकारी**
**अध्यक्ष, बेथानचोक गाउँपालिका**



**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ८ मंसिर ।

गत शनिबार बाग्मती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा काभ्रेको बेथानचोक गाउँपालिका पुगे । बाढीपहिरोले क्षतिग्रस्त क्षेत्रको अवलोकन गरे । गत असोज दोस्रो साता गएको बाढी र पहिरोले घरबिहीन भएका मानिसहरू त्रिपालमै छन् । उनीहरूसँग कठ्यांग्रिदो चिसो छल्ने अरू उपाय पनि छैन ।

स्थानीय अवस्था देखेपछि मुख्यमन्त्री लामाले बाढी प्रभावित विभिन्न स्थानीय तहलाई लक्षित गरेर योजना बनाउने प्रतिबद्धता जनाए । पुनर्निर्माण गर्न भने तीनै तहका सरकारबीच सहकार्य आवश्यक रहेको बताए ।

'संघ, प्रदेश र स्थानीय तहले प्रतिशतको आधारमा क्रमशः ६०, ३० र १० प्रतिशत भार पर्नेगरी कार्यविधि बनाउन छलफल भइरहेको छ । चाँडै यसको अन्तिम रूप आउँछ', मुख्यमन्त्री लामाले भने । त्रिपालमै रहेका बाढीपहिरोपीडित तत्काल कठ्यांग्रिदो चिसो छल्ने उपाय खोजिरहेका थिए ।

> बाढी र पहिरोले घरबारविहीन भएको २ महिनासम्म प्रभावितले सामान्य राहतबाहेक थप पाएका छैनन् । परिणाममा प्रभावितहरू टहरो र त्रिपालमै कठ्यांग्रिदो चिसो छल्न बाध्य छन्

स्थानीय तत्कालको राहत खोजिरहेका थिए तर मुख्यमन्त्री लामाले क्षतिको विवरण संकलन गर्ने र कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा संघ, प्रदेश र स्थानीय तहबीच तालमेल मिलाउन र निर्णय गर्न बाँकी

पृष्ठ २ मा

## आँखीझ्याल


४ भूमण्डलीकरणका अवसर र चुनौती

९ गरिमा रोड रेस मुकेश र सन्तोषी पहिलो

१० रेष्टुरेन्ट व्यवसाय फस्टाउँदा देशको अर्थतन्त्र नै सुध्रिन्छ

# चर्किएकै घरमा बुंगलवासी

भूकम्प गएको १४ महिना बितिसक्दा पनि राज्यले दिने भनेको सहयोग प्राप्त गर्न नसक्नुमा स्थानीय सरकारको अग्रसरता कमी देख्छन् स्थानीयहरू । फेरि पनि उनीहरू सरकारकै आसमा छन्

> फेरि भूकम्प आउने डर छ तर चर्किएकै घरमा नबस्नुको विकल्प पनि हामीसँग छैन
>
> **कर्ण जाग्री**
> **भूकम्पपीडित**

**सत्यराज सिंह / मध्यान्ह**
बझाङ, ८ मंसिर ।

बझाङमा विनाशकारी भूकम्प गएको १ वर्ष बित्यो । भूकम्प प्रभावितहरू जसको नियमित आम्दानी थियो, उनीहरूले आफ्नो जोहो गरे । पहुँचवालाले पनि चिसो छल्नेगरी आवास बनाए । जसको घर चर्कियो र नयाँ घर बनाउन सक्ने आर्थिक हैसियत थिएन, उनीहरू अझै चर्किएकै घरमा छन् । जसोतसो टहरो बनाउनेले पनि सुरक्षित आवास बनाउन सकेका छैनन् । अघिल्लो वर्ष चर्किएको घर र टहरोमा चिसो कटाएका उनीहरू यस वर्ष पनि सोही समस्या भोग्दै छन् ।




यो समस्याग्रस्त एक नगरपालिका हो- बझाङको बुंगल नगरपालिका । १६ र २० असोज २०८० मा गएको भूकम्पबाट प्रभावित बुंगलवासीले भूकम्पले भत्काएका घर पुनर्निर्माण गर्न सकेका छैनन् । अस्थायी टहरामै बसिरहेका उनीहरू कोही चिसो छल्न चर्किएकै घरमा बस्न थालेका छन् । यसले अर्को क्षतिलाई निम्त्याउन सक्ने सरोकारवालाहरूको चिन्ता छ ।

बुंगल नगरपालिका- २, रैसेल्लीका भूकम्पपीडित कर्ण जाग्री फेरि भूकम्प आउने डर भए तापनि चर्किएकै घरमा नबस्नुको विकल्प आफूहरूसँग नरहेको बताउँछन् । भन्छन्, 'फेरि भूकम्प आउने डर छ तर चर्किएकै घरमा नबस्नुको बिकल्प पनि हामीहरूसँग छैन ।' यसअघि बुंगल नगरपालिकाले

पृष्ठ २ मा

# निरन्तर चुलिँदो व्यापार घाटा

## युद्धग्रस्त मुलुक युक्रेनबाट नै तेस्रो धेरै आयात




**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ मंसिर ।

विगतका वर्षमा झैं चालू आर्थिक वर्षमा पनि नेपालको वैदेशिक व्यापार घाटा निरन्तर उकालो लाग्दो अवस्थामा छ । भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार चालू आ. व.को ४ महिनामा कुल वैदेशिक व्यापारमा नेपालले साढे ४ खर्ब रुपैयाँभन्दा बढीको व्यापार घाटा बेहोरेको छ ।

विभागको तथ्यांकअनुसार चालू आ. व.को कात्तिक मसान्तसम्मको अवधिमा ५ खर्ब १३ अर्ब ३८ करोड ८० लाख रुपैयाँ बराबरको आयात र ५२ अर्ब ६७ करोड रुपैयाँ बराबरको निर्यात भएको छ । कुल ५ खर्ब ६६ अर्ब ५ करोड ६७ लाख रुपैयाँको वैदेशिक व्यापारमा ४ खर्ब ६० अर्ब ७१ करोड ७३ लाख रुपैयाँ बराबरको व्यापार घाटा नेपालले बेहोरेको छ । समीक्षा अवधिमा गत आ. व.को तुलनामा आयात शून्य दशमलव १७ र निर्यात ४ दशमलव १६ प्रतिशतले वृद्धि भएको छ ।

पृष्ठ २ मा

> समीक्षा अवधिमा नेपालले युक्रेनबाट ९ अर्ब १० करोड ९९ लाख २६ हजार रुपैयाँ बराबरको वस्तु आयात गरेको छ

## वैदेशिक रोजगार विशेष

# मलेसियामा पेट्रोल स्टेसनमा विदेशी कामदार खुला

**तिलोचन गौतम / मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, ८ मंसिर ।

मलेसिया सरकारले पेट्रोल पम्प संचालकहरूलाई पेट्रोल पम्पका क्याफे तथा पसलहरूमा सरसफाइ र मर्मत सम्भारको काममा विदेशी कामदारहरूलाई काम गर्न अनुमति दिने निर्णय गरेको छ ।

गृहमन्त्री सैफुद्दिन नासुसन इस्माइलले स्वीकृत विदेशी कामदार कोटामा भित्रै रहनेगरी उक्त सहमति दिएको बताएका छन् । सन् १९९५ मा मलेसिया सरकारले मलेसियाका पेट्रोल स्टेसनहरूमा विदेशी कामदार हरूलाई काममा राख्न निषेध गरेको थियो । पेट्रोल स्टेसनहरूले क्याफे, पसल र अन्य सेवाहरू सुरुवात गरेकाले उक्त क्षेत्रको वास्तविकतालाई महसुस गरी नयाँ निर्णय भएको गृहमन्त्री सैफुद्दिले बताए । दक्ष कामदारले काम गर्ने पेट्रोल स्टेसनहरूले प्राविधिक जनशक्तिलाई आकर्षक तलब दिने गरेका छन् । अन्यत्र मासिक न्यूनतम १५ सय रिंगेट तलव भए पनि पेट्रोल स्टेसनमा काम गर्ने कामदारको तलब २ हजार ३१० रिंगेट छ ।

> मलेसियाका मानव संशाधनमन्त्री स्टिभन सिमले पेट्रोल स्टेसनमा काम गर्ने विदेशी कामदारहरूलाई सप्लाई कम्पनीले नभई पेट्रोल स्टेसनहरूले नै व्यवस्थापन गर्नुपर्ने बताएका छन् ।

मलेसियामा विदेशी कामदारको नयाँ भर्ना र व्यवस्थापन सम्बन्धमा गृहमन्त्री र मानव संशाधनमन्त्रीबीच निरन्तर छलफल भइरहेको छ । मानव संशाधनमन्त्री स्टिभन सिमले पेट्रोल स्टेसनमा काम गर्ने विदेशी कामदारहरूलाई सप्लाई कम्पनीले नभई पेट्रोल स्टेसनहरूले नै व्यवस्थापन गर्नुपर्ने बताएका छन् ।

पृष्ठ २ मा

# दम्मामममा वितरण गरियो २ हजारभन्दा बढी राहदानी

**अन्जान गुभाजु / मध्यान्ह**
दम्माम, साउदी अरेबिया, ८ मंसिर ।

नेपाली राजदूतावास रियाद र गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद्, साउदी अरबको संयुक्त प्रयासमा पूर्वी क्षेत्रको दम्माममा राहदानी वितरण कार्यक्रम सम्पन्न भएको छ ।

दसैं, तिहार र छठ पर्वका कारण लामो समयदेखि रोकिएको राहदानी नवीकरण प्रक्रियाका लागि ३० अक्टोबर २०२४ सम्म आवेदन दिएका २ हजार २०३ जना सेवाग्राहीको राहदानी दम्मामको सिको

पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
९ मंसिर २०८१, आइतबार
24 November 2024, Sunday

# समाजवाद स्थापना नभएसम्म क्रान्तिबाट विश्राम लिइन्नँ : महासचिव चन्द

**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले नेपाली विशेषताको समाजवाद स्थापना नभएसम्म क्रान्तिबाट विश्राम नलिने दृढता व्यक्त गरेका छन् ।

नेत्रविक्रम चन्दको नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टीको ११औं स्थापना दिवसका अवसरमा भृकुटीमण्डपमा शनिबार आयोजित सभामा उनले ८० को दशकलाई राष्ट्रिय स्वाधिनता, समाजवाद निर्माणलाई केन्द्रित गरी आफ्ना कार्यक्रम र राजनीतिक गतिविधि अघि बढाउने धारणा राखे ।

विगतमा नेकपा (माओवादी) मा रही नेपाली जनताको परिवर्तनको चाहना र न्यायका लागि गरेको योगदान इतिहास साक्षी रहेको बताउँदै



महासचिव चन्दले देश र नेपाली जनताको सुख तथा समृद्धिका सधैँ काम गरिरहने विचार प्रकट गरे । पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्माले विगतमा क्रान्तिको अगुवाई गरेका कतिपय कम्युनिष्ट पार्टीमा उतार-चढाव तथा विचलन आएपछि जनताको क्रान्तिको नेतृत्व आफ्नो पार्टीले गर्दैआएको बताए ।

केन्द्रीय सदस्य माइला लामाले मुलुकको अस्थिर राजनीति र वेरोजगार लगायत कारण युवापुस्ता अध्ययन र रोजगारीका लागि विदेशिन बाध्य हुँदा गाँउघर खाली हुन पुगेको घटना सुनाएका थिए । तत्कालीन नेकपा (माओवादी)बाट अलग भइ विसं २०७१ मा एउटा धारले महासचिव चन्दको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी गठन गरेको थियो । सभाअघि स्थापना दिवसका अवसरमा आयोजित झाँकिसहितको र्‍यालीले नगर परिक्रमा गरेको थियो भने सभामा महासचिव चन्दले पार्टीको झण्डोलन गरेका थिए ।

# सन्धिखर्कमा उपभोक्ता समितिका पदाधिकारीलाई तालिम

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ मंसिर



सन्धिखर्क नगरपालिकाले उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजनाहरुको कार्यान्वयन र ती योजना सञ्चालन सम्बन्धी एक दिने अभिमुखीकरण तालिम दिएको छ । तालिममा नगरपालिकाबाट विनियोजित बजेट, नगर योजनाहरुको स्टमेट गुणस्तरीय काम गरेर समयमै पारदर्शी रुपमा निर्माण कार्य सम्पन्न गर्नका लागि अभिमुखीकरण कार्यक्रमले सहयोग पुग्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले बताए । नगरपालिकाको वडा नम्बर ६ र ७ का टोल विकास समिति अध्यक्षहरु, सबै उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष लगायत पदाधिकारीहरुलाई अभिमुखीकरण तालिम प्रदान गरिएको भुसालले बताए ।

उपभोक्ता समितिमार्फत सम्पन्न हुने नगरपालिका योजनालाई विश्वसनीय र पादरर्शी बनाउन वडामा पुगेर उपभोक्ताहरुलाई तालिम तथा अभिमुखीकरण सञ्चालन गरिएको नगरपालिकाका योजना अधिकृत दिलिप कुमार केसीले बताए ।

योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि उपभोक्ता समितिहरूलाई नीतिगत र प्राविधिक दुबै पक्षमा विशेष अभिमुखीकरण गराइएको केसीको भनाई छ । योजना सम्झौताका लागि आवश्यक पर्ने कागजातहरु, उपभोक्ता समितिको काम कर्तव्य र अधिकार, उपभोक्ता समितिले समाजमा खेल्नुपर्ने भूमिका कार्य सम्पादन विकास गर्दा ध्यान दिनुपर्ने कामको विवरण, दोहोरो हाजिरी फारम भर्ने तरिका, काम सम्पन्न गरेपछि फरफारक गर्दा भोर्नुपर्ने विवरण, सचेत उपभोक्ताले जिम्मेवारी योजनाको समय अवधि, लागत र उपभोक्ताको योगदान, जनश्रमदान त्यसको महत्व सुशासन पारदर्शिता भ्रष्टाचार न्यूनीकरण विकास निर्माण सामग्रीको गुणस्तर र परिमाण खरिद लगायतका विषययमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले प्रशिक्षण दिएका थिए । यस्तै रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन, योजना कार्यान्यन र अनुगमन प्रकृया, सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण, उपभोक्ता समितिको खाता सञ्चालन र भुक्तानी प्रकृयाको विषयमा उपभोक्तता समितिका पदाधिकारी एवम् टोल विकास समितिका अध्यक्षहरुलाई नगरपालिकाका योजना अधिकृत दिलिप केसीले प्रशिक्षण दिएका थिए ।

नगरपालिकाका उपप्रमुख तथा नगरअनुगमन समितिका संयोजक मिश्रा आचार्यको प्रमुख अतिथ्यतामा भएको प्रशिक्षणमा नगरपालिका शाखा अधिकृत मन्जु खनाल, लेखा अधिकृत नवराज गौतम, योजना अधिकृत दिलिप केसी, सन्धिखर्क नगरपालिका वडा नम्बर ६ का अध्यक्ष श्रीधर महत्रा ७ का अध्यक्ष चुराबहादुर केसी लगायतले अभिमुखीकरण तालिम दिएका थिए ।

त्यस्तै सन्धिखर्क नगरपालिका वडा नम्बर ११ र १२ को तालिम आइतबार दिन लागिएको प्रशासकीय अधिकृत भुसालले मध्यान्हलाई जानकारी दिए ।

# पूर्वमन्त्री राईको निधन



**काठमाडौं/मस-** नेकपा माओवादीका केन्द्रीय समिति सदस्य तथा पूर्वमन्त्री पदम राईको निधन भएको छ । पारकिन्सन रोगबाट लामो समयदेखि ग्रसित उनको शनिबार वीर अस्पतालमा निधन भएको हो ।

उनको निधनप्रति नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले दुःख व्यक्त गर्दै परिवारजनमा समवेदना व्यक्त गरेका छन् । उनको पार्थिव शरीर आइतबार पार्टी कार्यालय पेरिसडाँडामा राखिने केन्द्रीय कार्यालय सचिव श्रीराम ढकालले जानकारी दिए ।

भोजपुरको बोया घर भएका राई जनयुद्धकाल अघिदेखि नै माओवादीमा संगठित भएर लागेका थिए । राई पहिलो संविधानसभा निर्वाचनमा भोजपुर क्षेत्र नम्बर १ बाट प्रत्यक्ष चुनाव जितेर भौतिक योजना तथा निर्माण राज्यमन्त्री बनेका थिए ।

# ५०० पसल अनुगमन गर्दा २० मात्र नियमअनुरूप

**काठमाडौं/मस-**काठमाडौं महानगरपालिकाले चार सय ९७ पसलको अनुगमन गर्दा २० वटा मात्रै नियमअनुरुप सञ्चालन भएका पाइएको छ । साथै दुई सय बढी व्यवसाय दर्ता नगरी सञ्चालन भएको पाइएको हो । गत असोज १० गतेदेखि कामपाले सुरु गरेको पर्वलक्षित अनुगमनमा चार सय ९७ पसलमध्ये २० वटा नियमानुसार सञ्चालन भएका पाइएको कामपाले जनाएको छ । एक सय ३३ वटामा म्याद सकिएका वस्तु भेटिएका छन् भने तीन सय ११ वटामा मूल्य सूची फेला नपरेको, दुई सय व्यवसाय दर्ता नगराई सञ्चालन भएको पाइएको कामपाको कृषि तथा पशुपन्छी विभागका प्रमुख नुरनिधि न्यौपानेले जानकारी दिए ।

उनका अनुसार अनुगमन गरिएका पसलमध्ये चार सय ३८ किराना, १८ मिठाई, १९ ड्राई फुड, सात मसला र १५ वटा डेरी पसल रहेका छन् ।

बजारमा बिस्कुट, चकलेट, चाउचाउ, पापड, मसला, केचअप, जामलगायत खाद्य वस्तुमा म्याद सकिएको पाइएको न्यौपानेले बताए । रसायन भएका वस्तुसँगै खाद्य वस्तु राखिएको, मूल्यसूची नराखिएको, व्यवसाय दर्ता नगरेको, पसल परिसरको सरसफाइमा ध्यान नदिएको, लेबल नभएका वस्तु बेच्न राखिएको, ढक तराजु प्रमाणीकरण नगरी प्रयोग गरिएकोलगायत समस्या रहेका उनले जानकारी दिए ।

मिठाई पसलहरुमा स्वीकृत भएकै रंग प्रयोग गरिए पनि मात्रा नमिलाइएको, तेललाई बारम्बार प्रयोग गरिएको, मिठाईमा उत्पादन र म्याद सकिने मिति उल्लेख नगरिएको, मिठाई बनाउने ठाउँ, पसल र भाँडाकुँडाको सरसफाइमा नभएको पनि अनुगमनका क्रममा फेला परेका उनले उल्लेख गरे । यी समस्या समाधानका लागि सम्बन्धितलाई अनुगमन टोलीले स्थलगत रुपमा निर्देशन र सुझाव दिएको छ ।

कामपाले खाद्य स्वच्छता प्रवर्द्धन तथा प्रमाणीकरणका लागि खाद्य स्वच्छताः प्रवर्द्धन शिविर (फुड सेफ्टी, वुट क्याम्प) कार्यक्रमसमेत सञ्चालन गरिरहेको विभागले जनाएको छ । खाद्य सेवामा अत्यधिक उपयोग हुने खानेकुरासँग सम्बन्धित क्षेत्रका व्यवसायीलाई खाद्य स्वच्छतासम्बन्धी तालिम प्रदान गरिने कृषि तथा पशुपन्छी विभागका प्रमुख न्यौपानेले बताए । पहिलो चरणमा साना तथा मध्यम भोजनालयका तीन सय सञ्चालकलाई तालिम दिएको उनले जानकारी दिए ।

# मानव बेचबिखन आरोपमा १ जना पक्राउ

**चितवन/मस-** मानव बेचबिखनको आरोपमा जिल्ला प्रहरी कार्यालय चितवनले १ जनालाई पक्राउ गरेको छ । ५ जना युवतीलाई वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी भारत पठाउन लागेको अवस्थामा प्रहरीले मकवानपुरको हेटौंडा उपमहानगरपालिका- १४ का ४४ वर्षीय राजु तामाङ भनिने राजकुमार थिङलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालयले निजलाई नारायणगढबाट बुधबार पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको कार्यालयका प्रमुख गौतम मिश्रले जानकारी दिए । उनका अनुसार विभिन्न स्थानका युवतीहरूलाई नारायणगढमा भेला पारी सुनौली जाने बसमा चढाउन लागेको अवस्थामा थिङलाई पक्राउ गरिएको हो ।

मिश्रले भने, 'थिङले युवतीहरूको पासपोर्ट संकलन गरी भिसा लगाउनका लागि भारत पठाउन लागिएको थियो । भारतबाटै विदेश जानुपर्छ भनी युवतीहरूलाई लैजान लागेको सूचना पाएपछि पक्राउ गरिएको हो ।' मानव बेचबिखनको यो नयाँ स्वरूप भएको उनले बताए ।

मिश्रले भने, 'थिङको नियत खराब भएको थाहा पाएपछि युवतीहरूले आफन्तमार्फत प्रहरीलाई खबर गरेका थिए ।' थिङलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत चितवनबाट ४ दिनको म्याद थप गरी थप अनुसन्धान सुरु गरिएको जनाउँदै उनले युवतीहरूको संरक्षणका लागि सुरक्षित गृहमा पठाइएको जानकारी दिए ।

---

### राहतको...

रहेको बताए । तथापि, प्रदेशले कार्यविधिअनुसार बाढीपहिरोबाट मृत्यु भएकाहरूलाई प्रतिव्यक्ति १ लाख रुपैयाँ वितरण गर्ने काम गरिरहेको र थप १ लाख वितरण गर्न लागेको जानकारी दिए ।

गत १० र ११ असोजमा गएको बाढीपहिरोबाट प्रभावितले जाडो महिना सुरु भइसक्दा पनि पक्की आवासमा बस्न सक्ने वातावरण बन्न नसकेको हो । बाढी र पहिरोले घरबारविहीन भएको २ महिनासम्म प्रभावितले सामान्य राहतबाहेक थप पाएका छैनन् । परिणाममा उनीहरू टहरो र त्रिपालमै कठ्यांग्रिँदो चिसो छल्न बाध्य छन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार अहिलेसम्म बाढीपहिरोबाट झन्डै १८ हजार घरमा क्षति भएको छ । साढे ५ हजार घरहरू पूर्ण रूपमा नष्ट भएका छन् । साढे १२ हजार घरमा आंशिक क्षति भएको छ ।

प्रभावितलाई सरकारले अस्थायी आवास बनाउन रकम दिने भनेको छ । तर, हालसम्म २६० घरपरिवारले मात्र अस्थायी आवास बनाउन सहयोग रकम पाएका छन् । बाँकीले सहयोग रकम पाउन सकेका छैनन् ।

सरकारले विपद् प्रभावितलाई अस्थायी आवासका लागि ५० हजार रुपैयाँ उपलब्ध गराउने भनेको छ । २ किस्तामा २५/२५ हजार रुपैयाँ दिने व्यवस्था गरिएको छ । यस्तो रकम स्थानीय तहहरूमार्फत पीडितको बैंक खातामा पठाउनुपर्ने हुन्छ । तर, क्षतिको विवरण संकलन र स्थानीय तहबाट हुनुपर्ने प्रमाणीकरणलगायतका कार्यमा ढिलाइ हुँदा २ महिनासम्म प्रभावितले अस्थायी आवासका लागि सहयोग रकम प्राप्त गर्न नसकेका हुन् ।

बेथानचोक गाउँपालिकाका अध्यक्ष भगवान अधिकारी अस्थायी आवास निर्माणका लागि निजी क्षेत्र समेतको सहयोग लिने कार्यमा आफूहरू लागिपरेको बताउँछन् ।

उनी भन्छन्, 'अस्थायी आवासका लागि ५० हजार रुपैयाँ दिने भनिएको हो । यसमा कार्यविधिगत अप्ठ्याराहरू पनि छन् । यस कारण ढिलाइ भएको छ ।' २०७२ सालको भूकम्पपीडित भएर सहयोग लिएकाले नपाउनेलगायतका विषय रहेकाले यसपालिको बाढीपहिरोपीडितको तथ्यांक संकलनमै समस्या भएको उनले बताए । तथापि, प्रारम्भिक तथ्यांक संकलन गरिएको छ ।

अध्यक्ष अधिकारी आफूहरूले प्रभावित र पीडितहरूका लागि पलिका स्तरबाट गर्न सक्ने सबै गरिरहेको बताउँछन् । उनी भन्छन्, 'सडक, विद्युत् सेवा उपलब्ध गराएका छौं । खाद्यान्न हेलिकप्टरबाट लैजानुपर्ने बाध्यता हटाएका छौं । संचार सुविधा पुऱ्याएका छौं । खानेपानीको उपलब्धताका लागि काम गरिरहेका छौं ।'

अस्थायी आवासका चाहिनेका लागि फर्म भर्न लगाउतेलगायतका कार्य भइरहेका छन् । 'घरमा बस्न नसक्ने अवस्था भएकाहरू समूहमा बसिरहेका छौं', उनी भन्छन्, 'अस्थायी आवासका लागि कार्यविधिअनुसार गर्न सकिन्छ, त्यसबाट दायाँबायाँ गर्न सकिँदैन ।'

### चर्किएकै...

पालिकाभित्रका भूकम्प प्रभावितको पहिचान गरी नगरपालिका प्रभावित १८७ घरपरिवारलाई अस्थायी आवास निर्माण गर्नका लागि पहिलो किस्ताबापत प्रति प्रभावित परिवार २५ हजार रुपैयाँ उपलब्ध गराएको थियो । अस्थायी आवास निर्माणपछि दोस्रो किस्ता उपलब्ध गराउने भनिएको थियो । तर, अहिलेसम्म पनि भूकम्पपीडितले दोस्रो किस्ता रकम पाउन सकेका छैनन् । भूकम्प प्रभावित परिवारमध्ये केहीले गत फागुनमा र केहीले गत वैशाखमा पहिलो किस्ता रकम पाएका थिए । तर, दोस्रो किस्ता अझै पाएका छैनन् ।

अस्थायी आवास निर्माण गरी दोस्रो किस्ता भुक्तानीका लागी नगरपालिकामा सबै कागजात बुझाए पनि अझै नपाएको भूकम्प प्रभावितको गुनासो छ । बुंगल नगरपालिका- ५, ब्युनाडाका रामबहादुर बिक अस्थायी आवास निर्माण गरी दोस्रो किस्ता भुक्तानीका लागि नगरपालिकामा सबै कागजात बुझाए पनि अझै नगरपालिकाले दोस्रो किस्ता नदिँदा निर्माण सामग्रीको रकम तिर्न नसकेको गुनासो गर्छन् ।

स्थानीय विपद् व्यवस्थापन समिति (एलडीएमसी)ले भूकम्प प्रभावितको पहिचान गरी लाभग्राहीको विवरण बिपद् पोर्टलमा प्रविष्ट गरी जिल्ला विपद् व्यवस्थापन समितिमा दोस्रो किस्ता अनुदान माग गर्नुपर्ने हुन्छ ।

जिल्ला विपद् व्यवस्थापन समिति अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी ओमप्रसाद भट्टराई पनि बुंगल नगरपालिकामा हालसम्म अस्थायी आवासको दोस्रो किस्ता अनुदान निकासा नभएको बताउँछन् ।

उनी भन्छन्, 'कार्यविधि बमोजिम आवश्यक प्रक्रिया पुरा गर्नुका साथै स्थानीय विपद् व्यवस्थापन समिति (एलडीएमसी) बाट पहिचान भई कायम भएका लाभग्राहीको विवरण यथाशीघ्र बिपद् पोर्टलमा प्रविष्ट गरी दोस्रो किस्ता अनुदान माग गर्न बुंगल नगरपालिकालाई लेखी पठाएका छौं ।' बुंगल नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नरेश कुँवर आवश्यक प्रक्रिया थाहा नपाएर पनि ढिलाइ हुन पुगेको बताउँछन् । तर, स्थानीयहरू भूकम्प गएको १४ महिना बितिसक्दा पनि दोस्रो किस्ता रकम नपाउनुमा स्थानीय सरकारको अग्रसरतामा समेत कमी रहेको बताउँछन् ।

### निरन्तर...

नेपालको वैदेशिक व्यापार घाटा निरन्तरतामा भए पनि विभागको तथ्यांकअनुसार अचम्मलाग्दो विषय के छ भने, वर्षौंदेखि रसियासँग युद्धमा होमिएको युक्रेन नेपालका लागि तेस्रो ठूलो निर्यातकर्ता बनेको छ । समीक्षा अवधिमा नेपालले युक्रेनबाट ९ अर्ब १० करोड ९९ लाख २६ हजार रुपैयाँ बराबरको वस्तु आयात गरेको छ ।

त्यसमध्ये ८ अर्ब २५ करोड २२ लाख ६१ हजार रुपैयाँ बराबरको सूर्यमुखी तेलको कच्चा पदार्थ रहेको छ भने ६४ करोड ५४ लाख ४३ हजार रुपैयाँ बराबरको कोल्जा सिड आयात गरेको छ । त्यस्तै, नेपालले समीक्षा अवधिमा अन्य विभिन्न तेलहनका कच्चा पदार्थ र मेसिनरी उपकरण पनि आयात गरेको विभागको तथ्यांकमा उल्लेख छ ।

समीक्षा अवधिमा भारतबाट ३ खर्ब १६ अर्ब ८८ करोड ५३ लाख रुपैयाँ बराबरको वस्तु आयात हुँदा ३५ अर्ब ७६ करोड ८७ लाख रुपैयाँ बराबरको निर्यात भएको छ । त्यस्तै, सो अवधिमा चीनसँग नेपालले १ खर्ब ३ अर्ब १८ करोड २५ लाख रुपैयाँको आयात र ६८ करोड २३ लाख ७७ हजार रुपैयाँको निर्यात व्यापार गरेको छ । समीक्षा अवधिमा भारतसँग २ खर्ब ८१ अर्ब ११ करोड ६६ रुपैयाँ र चीनसँग १ खर्ब २ अर्ब ५० करोड रुपैयाँको व्यापार घाटा देखिएको छ ।

समीक्षा अवधिमा नेपालले २ ९ अर्ब ४ करोड २० लाख रुपैयाँ बराबरको डिजेल, २१ अर्ब ५६ करोड २९ लाख रुपैयाँ बराबरको पेट्रोल र १८ अर्ब ८५ करोड ९३ लाख रुपैयाँ बराबरको एलपी ग्यास आयात भएको छ ।

त्यस्तै, सो अवधिमा नेपालबाट ३ अर्ब ६० करोड ८ लाख रुपैयाँ बराबरको कार्पेट, सोयाबिन तेल, ३ अर्ब ४१ करोड, चिया २ अर्ब २१ करोड र अलैंची १ अर्ब ९० करोड रुपैयाँ बराबरको निर्यात भएको छ ।

### मलेसियामा...

अवैध कामदारविरुद्ध मलेसिया सरकारले चलाएको अभियानले ४० प्रतिशत विदेशी कामदार रहेको शहरी क्षेत्रका धेरै पेट्रोल स्टेसनहरूलाई असर गरेको थियो । अवैधानिक विदेशी कामदारविरुद्ध धरपकड भएपछि पेट्रोल स्टेसनका संचालकहरूले स्थानीयहरूलाई भाडामा लिन खोजिरहेका थिए । तर, उनीहरूले वातानुकूलित म्याकडोनाल्ड कम्पनीमा काम छाडेर पेट्रोल स्टेसनमा काम गर्न रुचि देखाएनन् । कामदारको अभावमा सामान्यतया २४ घण्टा चल्ने पेट्रोल स्टेसनहरूले एक चौथाइ समय कटाएर प्रतिदिन १८ घण्टा चलाउँदा राजस्वलाई समेत असर गरेपछि सरकारले करिब ३० वर्ष पुरानो निर्णय परिवर्तन गरेको हो ।

मलेसियामा होटलसहित अन्य क्षेत्रमा पनि विदेशी कामदारको अभाव छ । तर, उसले विदेशी कामदार भर्नामा लगाएको प्रतिबन्धको निर्णयमा सन् २०२५ को पहिलो त्रैमासिक अवधि अर्थात् आगामी चैतमा पुनर्विचार गर्ने बताएको छ ।

### दम्मामा...

गार्डेनमा वितरण गरिएको हो । पूर्वी क्षेत्रका दम्माम, जुबेल, अलहासा, खोबर, कतिफलगायतका स्थानमा रहेका सेवाग्राहीहरूले राहदानी वितरण प्रक्रियालाई सरल र प्रभावकारी बनाइएकामा वैदेशिक रोजगारीमा रहेका नेपाली कामदार हरूले खुसी व्यक्त गरेका छन् ।

कार्यक्रममा एनआरएनए साउदीकी अध्यक्ष रविना अर्यालले श्रमिकहरूको सेवामा समर्पित राजदूतावास, संघसंस्था, स्वयंसेवकहरू तथा समन्वयमा खटिएका प्रतिनिधिहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता सेवा कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिन् । उनले नेपाली श्रमिकहरूको हितका लागि सामूहिक प्रयासको आवश्यकता रहेको बताइन् । राहदानी वितरण कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, सामाजिक व्यक्तित्वहरू तथा स्वयंसेवकहरूको सहभागिता थियो ।


## यूएईमा रोजगार

कम्पनी : EAGLE ENVIRONMENTAL SERVICES &PEST CONTROL LLC - BRANCH शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०७/०७ चलानी नं.: ६०२२७०३३ LT. No.: 312659 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pest Control Labour | 200 | 0 | स. काममा दक्ष | 800 | २९,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १५ देखि २० गतेसम्म (30 Nov. to 5 Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

EAGLE MANPOWER CONSULTANT PVT. LTD.
License No.: 1606/079/080
वैदेशिक यात्राको भरपर्दो साथी
Head Office Location : Chakrapath, Kathmandu, Nepal, Head Office. : 01-5912955 , Butwal Branch: 071-533111
marketing@eaglemanpower.com.np www.eaglemanpower.com.np


## तपाईंको राशिफल

- मेष : नयाँ कार्यमा प्रगति हुने छ भने पुराना काम सफल हुने छन् ।
- वृष : वाहन सावधानी राख्नु होला । स्वास्थ्यमाथि ध्यान आवश्यक छ ।
- मिथुन : शान्तिमा वृद्धि हुने योग छ । साथीहरूसँग भेटघाट हुने छ ।
- कर्कट : पारिवारिक तनावको योग छ । नयाँ सोचअनुसार काम हुने छ ।
- सिंह : पद र प्रभावमा वृद्धि हुने छ । वाणी संयम राख्नु होला ।
- कन्या : कुनै पनि कार्यमा हतार नगर्नु होला । वाहन सावधानी राख्नु होला ।
- तुला : राजनीतिक कार्यमा रोकावट आउने छ । नयाँ सम्बन्ध बन्ने योग छ ।
- वृश्चिक : पारिवारिक जीवन सुखी रहने छ । कृषिजन्य कार्यमा लाभ मिल्ने छ ।
- धनु : सभा समारोहमा सहभागी भइने छ । स्वास्थ्य राम्रो रहने छ ।
- मकर : तनाव बढ्ने सम्भावना छ । सामाजिक कार्यहरूमा वृद्धि हुने छ ।
- कुम्भ : भाइ-बहिनीको सहयोग प्राप्त हुने छ । पदोन्नति हुने योग छ ।
- मीन : स्वास्थ्य राम्रो रहने छ । मुद्दा मामिलामा सफलता मिल्ने छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# ३ वर्षभित्रै भूमि समस्या समाधान हुन्छ : अध्यक्ष रिजाल

**अर्जुन बेल्बासे/मध्यान्ह**
कपिलवस्तु, ८ मंसिर



भूमि सम्बन्धी समस्या समाधान आयोगका अध्यक्ष हरिप्रसाद रिजालले ३ वर्षभित्रै भूमिहीन, सुकुम्बासी, दलित र अव्यवस्थित बसोबासीहरूको समस्या समाधान गर्ने दाबी गरेका छन्।

भुमी सम्बन्धी समस्या बुझ्दै विजयनगर गाउँपालिका पुगेका रिजालले पत्रकारहरूसँग कुरा गर्दै भूमिहीनहरूलाई जग्गाधनी बनाउने काममा आयोगले तीव्रता दिएको बताए।

संविधान प्रदत्त अधिकारको कार्यान्वयनका लागि लालपुर्जा वितरण प्रक्रिया तीन वर्षभित्रै सम्पन्न गरिने समेत बताए। आयोगले कानूनी अड्चन र प्राविधिक चुनौतीलाई समाधान गर्दै लालपुर्जा वितरणको काम अघि बढाउने बताए। हालसम्म आयोगमा १० लाख ८२ हजार निवेदन दर्ता भएका छन्। बाँकी छुटफुट भएका निवेदनलाई भेरिफाई गरी प्रक्रिया पूरा गर्ने बताए।

'आयोगले सबै प्रदेशमा कार्यविभाजन गरिसकेको छ, कर्मचारीको व्यवस्थापन, कार्यविधि निर्माण, र जनशक्ति थप्ने प्रक्रिया पूरा भइसकेको छ,' उनले भने।

आयोगले भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको समस्या समाधान गर्न तीव्रतासँगै स्थानीय तहले तथ्यांक संकलन र पहिचानको काम तीव्र गतिमा रहेको बताए।

लुम्बिनी प्रदेशका पूर्ववन मन्त्री अर्जुन केसीले भूमि सम्बन्धी समस्याको समाधानको लागि भूमिहीन नागरिकले अनुभुती गर्ने गरी आयोगले स्थानीय तह र प्रदेश सरकारसँग मिलेर काम गर्नुपर्ने बताए।

विजयनगर गाउँपालिकाका अध्यक्ष गोपाल बहादुर थापाले पालिकाले भूमिहीन र सुकुम्बासीहरूको समस्यालाई प्राथमिकतामा राख्दै ३४ सय भन्दा बढी निवेदन संकलन गरेको जानकारी बताए। भूमिसम्बन्धी समस्याको समाधानका लागि आफुले पालिका प्रमुखको हैसियतले केन्द्रीय र प्रदेश सरकारसँग निरन्तर समन्वय गर्दै आएको बताए।

# गढीमाई–८ र राजपुर–६ मा रास्वपाले पाएन उम्मेदवार

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ८ मंसिर

जनता सबै आफ्नो पक्षमा रहेको दाबी गर्दै आएको राष्ट्रिय स्वातन्त्र पार्टीले रौतहटको गढीमाई नगरपालिका वडा नं. ८ र राजपुर नगरपालिका वडा नं. ६ मा वडा अध्यक्ष पदको लागि उम्मेदवार उठाउन सकेन।

देशैभरि हुने स्थानीय तहको उप निर्वाचनमा उम्मेदवार उठाउने रास्वपाको निर्णय भएको भए पनि यी दुई वडामा उम्मेदवार नभेटाएपछि वडा अध्यक्ष पदमा उम्मेदवारी नदिएको हो।

इशनाथ नगरपालिका वडा नं. ७ मा भने शेख असराजलाई उम्मेदवार बनाएको छ। यता प्रभु साह नेतृत्वको आजपाले रौतहटको ३ वटै वडामा उम्मेदवार पाउन नसकेको स्थानीय बासिन्दा बताउँछन्।

यसैगरी नेकपा माओवादीले पनि गढीमाई नगरपालिका वडा नं. ८ मा उम्मेदवार नभेटाएको कारण वडा अध्यक्षमा उमेदवारी दर्ता नगरेको स्थानीयले बताएका छन्। नेकपा माओवादीले इशनाथ-७ मा शेख अमिरुल र राजपुर-६ मा जिकिरुल्लाहले उम्मेदवारी दिएका छन्।




आउँदो मंसिर १६ गते हुने उप निर्वाचनमा रौतहटको ३ वटा वडामा अध्यक्ष पदको लागि ४५ जनाले उम्मेदवारी दर्ता गरेका छन्। रौतहटको गढीमाई नगरपालिका वड नं. ८ को वडा अध्यक्ष पदमा १६ जना, राजपुर नगरपालिका वडा नं. ६ मा १४ जना र इशनाथ नगरपालिका वडा नं. ७ मा १५ जनाले वडा अध्यक्ष पदको लागि उम्मेदवारी दर्ता गराएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दासले जानकारी दिए।

गढीमाई-८ मा नेकपा एमालेको तर्फबाट यस अघिका वडा अध्यक्ष रामज्ञा यादवकी श्रीमती जिउती देबी, नेपाली कांग्रेसको तर्फबाट सुबोध कुमार यादब, जनमत पार्टीको तर्फबाट सुरेन्द्र प्रसाद कुर्मी, जसपा नेपालको तर्फबाट सन्देश प्रसाद यादब, नेकपा एसको तर्फबाट बजरंगी प्रसाद यादब, राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट रामबालक साहलगायत १६ जनाले वडा अध्यक्ष पदमा उमेदवारी दिएको कार्यालय प्रमुख दासले बताए।

नेकपा माओवादी केन्द्र र रास्वपाले भने यस वडामा उम्मेदवारी दिएका छैनन्। यस्तै इशनाथ-७ मा नेकपा एमालेको तर्फबाट शेख अनबर, नेपाली कांग्रेसको तर्फबा शेख अब्दुल खलिक, रास्वपाबाट शेख असराज, नेकपा माओवादी केन्द्रबाट शेख अमिरुल, जनमत पार्टीबाट शेख अमिरुल हक, जसपा नेपालबाट शेख अब्दुल अहद, राप्रपाबाट मदन साह, नेकपा एसबाट सदरे आलम लगायत १५ जनाले वडा अध्यक्ष पदमा उमेदवारी दर्ता गराएको उनले जानकारी दिए।

त्यस्तै राजपुर-६ मा एमालेको तर्फबाट मोहमद नसिम अख्तर, जसपाबाट शेख जाजुल हक, जनमतबाट क्यामुदिन धुनिया, माओवादी केन्द्रबाट जिकरुलाह, राप्रपाबाट राम नारायण प्रसाद जयसवाल, नेपाली कांग्रेसको तर्फबाट समसे आलम लगायत १४ जनाले वडा अध्यक्षमा उम्मेदवारी दर्ता गराएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख दासले जानकारी दिए। शनिबारसम्म उमेदवारमाथि दाबी बिरोध गर्ने कार्यक्रम रहेको र अहिलेसम्म कसैमाथि पनि दाबी विरोध नपरेको कार्यालय प्रमुख छोटेलाल दासले बताए।

# नि:शुल्क शिविरमा ५२५ जनाले लिए सेवा

**पवन जयसवाल/मध्यान्ह**
बाँके, ८ मंसिर



बाँकेको नेपालगन्जमा रहेको गौरव स्मृति तथा वियोर सेल्फ फाउन्डेसनद्वारा श्री १००८ हडिया बाबा आश्रममा आयोजना गरिएको नि:शुल्क आँखा तथा कानको शिविरमा ५ सय २५ जनाले सेवा लिएका छन्। नेपालगन्ज उप-महानगरपालिका वडा नं.४ मा रहेको गौरव स्मृति तथा वियोर सेल्फ फाउण्डेसनद्वारा हरेक वर्ष जस्तै यस वर्ष पनि नेपालगन्ज उपमहानगरपालिका वडा नं. ६ मा रहेको श्री १००८ हडिया बाबा आश्रममा नि:शुल्क आँखा तथा कानको परीक्षणका गरिनुका साथै नि:शुल्क औषधि पनि वितरण गरिएको छ।

नेपाल नेत्र ज्योति संघ बाँकेद्वारा सञ्चालित फत्तेवाल आँखा अस्पताल फुल्टेक्रा नेपालगन्ज र ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवा नेपालगन्ज फुल्टेक्राको संयुक्त सहकार्यमा नि:शुल्क स्वास्थ्य जाँच शिविर आयोजना गरिएको थियो। गौरव स्मृति तथा वियोर सेल्फ फाउण्डेसनद्वारा आयोजना गरिएका नि:शुल्क आँखा तथा कानको शिविरमा ५ सय २५ जनामध्ये आँखातर्फ ३ सय ८० जनाको जाँच गरिएको छ। जसमध्ये १९ जनालाई फत्तेबाल आँखा अस्पतालमा रिफर गरिएको छ। यस्तै १ सय ४५ जनाको कान चेकजाँच गरिएको थियो। जसमध्ये १० जनालाई ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवा नेपालगन्जमा रिफर गरिएको फाउण्डेसनका कोषाध्यक्ष विजय कोरीले बताए।

शिविरमा आँखातर्फ फत्तेबाल आँखा अस्पतालका छन्छुलाल चौधरी, निशा गौतम, उमेर अहमद सादिक लगायतले सहयोग गरेका थिए भने कानतर्फ ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवा नेपालगन्जका भिसन चौधरी, दामोदर चौधरी लगायतले प्राविधिक सहयोग गरेका थिए। यसैगरी फाउण्डेसनका अध्यक्ष मधु शाह, सचिव सुखराम ठाकुर, शिवम् गुप्ता, पाश्कल बिष्ट, शिवम् शाह लगायतको सक्रिय सहभागिता रहेको थियो। श्री १००८ हडिया बाबा मेलामा देश विदेशको विभिन्न ठाउँबाट आएका साधु सन्त, भक्तजन तथा सर्वसाधारणहरूलाई मन्दिर परिसरमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आँखा तथा कानको शिविर आयोजना गरिएको हो। समाजसेवी तथा गौरव स्मृति तथा वियोर सेल्फ फाउण्डेसनका संस्थापक प्रदीप शाहले फाउण्डेशनले स्वास्थ्य तथा अन्य क्षेत्रमा पनि नि:शुल्क नागरिकहरूलाई सेवा प्रदान गर्ने गरेको बताए। शिविरमा कान तथा आँखाका करिब ५ सय २५ जनाको आँखा तथा कानको चेकजाँच गरिएको थियो। तीमध्ये केहीलाई चश्मा र औषधी नि:शुल्क वितरण गरिएको फाउण्डेशनका संस्थापक प्रदीप शाहले बताए। फाउण्डेशनले विभिन्न समयमा गरिब, असहाय तथा स्वास्थ्यको पहुँच भन्दा बाहिर रहेका नागरिकका लागि स्थानीयस्तरमै स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्य राखि नि:शुल्क शिविर आयोजना गर्दै आएको छ।

लुम्बिनी प्रदेश सरकार
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
**जलश्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय**
प्यूठान

**बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना**

**प्रकाशन मितिः २०८१/०८/०९**

यस कार्यालयबाट तपसिल बमोजिमको निर्माण कार्य बोलपत्रको माध्यमबाट खरिद गर्नको लागि मिति २०८१/०६/२३ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान तथा आर्थिक प्रस्ताब खोल्ने सूचना अनुसार तोकिएको मितिसम्ममा Electronic Bid Submission मार्फत यस कार्यालयमा रित पुर्बक प्राप्त भएका बोलपत्रहरु मध्येबाट तपसिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | स्वीकृतिको लागि छनौट भएको दाताको नाम, ठेगाना | कबोल अंक (मु.अ. कर सहित) |
|---|---|---|---|---|
| 1. | WRIDDO/PYUTHAN/ARANGRT/WORKS/NCB-02/081-82 | Construction of Revetment at Arangkhola, Mandawi Ga.Pa.01-05, Pyuthan | Amod Nirman Sewa, Pyuthan NP-04, Pyuthan | 37,31,123.92/- |

**नि. डिभिजन प्रमुख**

# नेपालगन्जका बजार क्षेत्रको फुटपाथ अव्यवस्थित



**नेपालगन्ज/मस–** नेपालगन्ज बजार क्षेत्रमा फुटपाथ व्यवस्थित हुन सकेको छैन। नेपालगन्ज उपमहानगरपालिकाले जोसुकैले व्यवसायीक रूपमा प्रयोग गर्ने र सामान राखेको पाइए कारबाही गर्ने निर्णय गरेको थियो।

नेपालगन्जका विभिन्न क्षेत्रमा सडक फुटपाथ खुल्लारूपमा अतिक्रमण गरिएको देखिएपनि मेयरदेखि वडासदस्यसम्मका स्थानीय सरकारको नेतृत्व गर्ने व्यक्तिहरूले वेवास्था गरेको अवस्था छ। सडक क्षेत्र व्यवस्थित गर्ने सवालमा नियम मिच्ने सबैलाई कारबाही हुनुपर्नेमा सामान्य काम गरेर गुजारा गर्नेहरूलाई मात्र उपमहानगरपालिकाले कारबाही गर्ने गरेको त्रिभुवन चोकका एक व्यापारीले बताए।

नेपालगन्जको विभिन्न क्षेत्रसँगै घरबारी टोलमा समेत मानिस हिँड्ने फुटपाथ सडक पेटी व्यापारीको कब्जा छ। तर हालसम्म नत नगरप्रहरी, नत स्थानीय सरकारको आँखा त्यहाँ पुगेको छ। हिँड्न बनाएको फुटपाथ हिँड्डुल गर्न गाह्रो हुने गरी व्यापारीहरु सडकको फुटपाथमा सामान फिजाएर राख्नले पैदलयात्रीहरुलाई सास्ती भएको छ।

उपमहानगरालिकाले फुटपाथ खाली गर्ने निर्णयपत्र देखाउँदा पनि व्यापारीहरु सो नियम उल्लंघन गर्दै अट्टेरी गरेको देखिन्छ। नेपालगन्ज शहरकै व्यस्त सडकमा गनिने घरबारी टोलको व्यापारीको यस्तो हर्कतले बजारको सौन्दर्यमा असर त पारेको छ नै, सर्वसाधारण मानिस आफ्नो ज्यान जोखिममा राखी सडकमा यात्रा गर्नु परेको एक व्यक्तिले मध्यान्हसँग गुनासो गरे।

'घरबारी टोलका व्यापारीहरु आफू हामी हिँड्ने बाटोमा सामान राख्छन्। अनि हामीले साघुँरिएर हिँडेपनि शरीरले उनीहरूको भङ्गिडएको सामानमा छोइदा आफूले गाली सुन्नु पर्दछ' एक पैदलयात्री तारामान खड्काले बताए।

समय-समयमा हुने फुटपाथ हटाउने कार्य देखाउनका लागि मात्रै नगर प्रहरीले गर्छन्। नेपालगन्जका नगर प्रहरी इन्चार्ज, प्रहरी निरीक्षक सुर्य बहादुर बोगटीले हाल आफू बिदामा रहेको र फुटपाथ व्यवस्थापनका लागि कडा निर्देशन दिएको बताए।

फुटपाथ खाली गर्न सार्वजनिक सूचना जारी गरिएकाले सो सूचनाविरूद्व जानेलाई कारबाही गरिने उनले बताए। 'कारबाही सबैलाई गरिने हो,' इन्चार्ज बोगटीले भने 'तर पहिलो चरणमा सूचना जारी गरिएको छ, म फर्किएलगतै कारबाही भए/नभएको विवरण भन्न सक्छु।' दिनहुँ रूपमा उपमहानगरपालिकाका नगर प्रहरी गस्तीमा निस्कँदा ठेलाको सामान उठाउन तयार हुने नगरप्रहरी व्यापारीसँग भने मुकदर्शक भएर फर्किने गरेका छन्। नगर प्रहरीका सकेण्ड म्यान रहेका पवन कनोजियाले अटेरी गर्नेलाई कारबाही गरिरहेको बताए।

'कार्यालय प्रमुखले कडा आदेश नदिएको कारणले हामी भन्दै हिँड्ने गरेको छौं, तर व्यापारीले नमानेपछि व्यक्तिगत रिसिबी लिन सक्दैनौं' एक नगर प्रहरीले भने। नेपालगन्जको धम्बोजी चोकदेखि बागेश्वरी मन्दिरसम्मको मुख्य बजार क्षेत्र घरबारी टोलमा व्यवस्थित गर्न एकतर्फी सवारी पार्किङ व्यवस्था गरिएपनि मनपरी ढंगले सवारी पार्किङ र व्यापारीहरूको पसलमा अव्यवस्थित सामान फुटपाथमा फिजारिदिँदा पैदलयात्रीलाई हिँड्न समस्या परेको हो।

एक त घरबारी टोलको फुटपाथ साँघुरो छ, त्यही पनि यहाँका व्यापारीहरूले फुटपाथको अधिकांश भाग छेकिने गरी सामान झुन्ड्याउने र सामान राखिदिनाले सडकमै हिँड्न बाध्य पैदलयात्रीलाई समस्या हुने गरेको छ।

# राजस्व कार्यालयमा कर्मचारी नहुँदा सेवाग्राही मर्कामा

**डडेल्धुरा/मस–** आन्तरिक राजस्व कार्यालयमा दरबन्दीअनुसारका कर्मचारी नहुँदा सेवाग्राहीलाई समस्या भएको छ। कार्यालयमा चार महिनादेखि कार्यालय प्रमुख नभएको र दरबन्दीअनुसार कर्मचारी नहुँदा सेवा प्रवाह पनि प्रभावित भएको छ।

कर अधिकृत र नायब सुब्बाको अभावमा सेवा प्रवाहमा समस्या भएको हो। कार्यालयमा हाल १० जना कर्मचारीको दरबन्दी रिक्त छ। एक उपसचिव, तीन कर अधिकृत, पाँच सुब्बा र कम्प्युटर अधिकृतलगायत कर्मचारीको पद रिक्त रहेको छ।

कर्मचारी अभाव हुँदा कार्यालयबाट प्रवाह हुँदै आएको सेवा प्राप्त गर्न समस्या भएको बैतडीका सेवाग्राही हेमराज भट्टले बताए। कार्यालय अहिले निमित्त कार्यालय प्रमुखको भरमा चलिरहेको छ। कार्यालय प्रमुखको चार महिनाअघि सरुवा भएपछि कार्यालय निमित्तकै भरमा चलिरहेको कर अधिकृत थानेश्वर अवस्थीले बताए। उक्त कार्यालयले डडेल्धुरा, बैतडी, दार्चुला, बझाङ, डोटी, अछाम र बाजुराका सेवाग्राहीलाई सेवा प्रवाह गर्दै आएको छ।

**UAE मा रोजगार**

कम्पनीः AL FAJER DECORATION L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/०७ — चलानी नं.: ६०२२८४८५ — LT. No.: 314110

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cane Furniture Maker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 5 | 0 | | 1200 | ४४,०५२ | | | | | | | |
| 3. | Electrician Assistant | 5 | 0 | | 1200 | ४४,०५२ | | | | | | | |
| 4. | Factory Workers | 5 | 0 | | 1000 | ३६,७१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ मंसिर १६ गते (1 December 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com
श्रम ईजाजत नं.: ८७५/०६६/०६७

**JOB OPPORTUNITIES**

**Motherland Group, Kathmandu, a prominent conglomerate, is seeking applications from highly skilled and experienced professionals for the following key positions. One vacancy is available for positions 1 and 2, while two vacancies are available for each of the remaining positions at its overseas recruitment agency:**

1. **Operations Manager:** Minimum 5 years as an Overseas Recruitment Manager, specializing in technical recruitment and pre-selection for diverse industries having expertise in managing end-to-end recruitment operations, including sourcing, pre-screening, and coordinating candidate placement for technical and non-technical roles across various industries.
2. **Chief Accountant:** Minimum 5 years of experience as a Chief Accountant, preferably in overseas recruitment. Responsible for overseeing financial operations, ensuring regulatory compliance, and managing key functions such as financial management, audit, cost control, payroll, taxation, and strategy. Leads the finance team to maintain efficient practices and support the agency's financial health and strategic goals.
3. **Sourcing Specialist - Hospitality & Retail**: At least 2 years of experience in overseas recruitment.
4. **Sourcing Specialist - Oil & Gas**: At least 2 years of experience in overseas recruitment.
5. **Sourcing Specialist - Civil Construction**: At least 2 years of experience in overseas recruitment.
6. **Sourcing Specialist - Facilities Management & MEP**: At least 2 years of experience in overseas recruitment.
7. **Recruitment Specialist - Field Officer**: Minimum 2 years of experience conducting pre-selection interviews at various locations across Nepal, specifically in the overseas employment industry, as a Field Officer.

**How to Apply**
Send your updated CV along with relevant documents to **career@avoir.com.np**
- Mention the position you are applying for in the subject line.
- Include a cover letter detailing your suitability for the role.

**Application Deadline:** November 29, 2024

**Motherland Group**
Basundhara, Kathmandu, Nepal, Whatsapp number: 9802372112
We will only contact the shortlisted candidates.

मध्यान्ह
www.madhyanhadaily.com
१ मंसिर २०८१, आइतबार
24 November 2024, Sunday

## सम्पादकीय

## नेपाली फिल्मको कीर्तिमानी सन्देश

नागरिकमा रहेको निराशाबाट मुलुक समृद्ध बन्न नसक्ने निष्कर्ष निकालेर राजनीतिक दलहरूले अनेक गतिविधि गरिरहेका छन् । सरकारकै नेतृत्व गरिरहेको नेकपा एमालेले शुक्रबार जागरणसभा गऱ्यो । राजधानीस्थित दरबारमार्गको सडकमा प्रधानमन्त्री केपी शर्मा ओली प्रमुख वक्ता भएर गरिने कार्यक्रमको नाम जागरणसभा राख्नुमा नागरिकमा आशा जगाउनुपर्ने तर्क थियो । नागरिक निराश रहेको निष्कर्षमा एमाले एक्लो छैन । सत्ता र प्रतिपक्षीमा रहेका सबै दलले एक स्वरमा भनिरहेका छन्– जनतामा आशा जगाउनुपर्नेछ । तर, नागरिकमा निराशा बढेर गएको निष्कर्ष नेताहरूको भाषणले मात्र नभएर अरू सूचकहरूले पनि देखाउँछ । बढ्दो विदेशिने प्रवृत्ति, कृषि उत्पादनमा कमी, पहाड रित्तो, उपभोग्य र निर्माण सामग्रीको निर्यात बढ्दो, ब्यापार घाटा चुलिँदो जस्ता सूचक हेर्दा नागरिक खुशी हुनुपर्ने ठाउँ भेटिँदैन । तर, यतिका क्षेत्रमा निराशा देखिँदा एउटा क्षेत्र उत्साहित बनेको खबर यतिबेला प्रचार भइरहेको छ । त्यो हो, नेपाली चलचित्रले गरिरहेको प्रगति ।

यो दशैं, तिहार अनि त्यसअघिका समयमा नेपाली चलचित्रले पाइरहेको दर्शक कीर्तिमानी छ । तिहार लक्ष्मीपूजाको दिनदेखि प्रदर्शन सुरू भएको 'पूर्णबहादुरको सारंगी'ले नेपाली चलचित्रको ५९ वर्षे इतिहासमा अनेक कीर्तिमान रचिरहेको छ । यो चलचित्रको विश्वव्यापी कलेक्सन ५६ करोड नाघिसकेको छ । नेपालभित्र ४० करोड र बाहिर २६ करोड रूपैयाँ संकलन भइसकेको दाबी छ । यसले धेरै कमाउने, एकैदिन धेरै शो हुने, एकैदिन धेरै कमाएको जस्ता अनेक कीर्तिमान बनाइरहेको छ । यसबाहेक 'छक्कापञ्जा– ५' ले २० करोड, '१२ गाउँ'ले २२ करोड, 'बेहुली फ्रम मेघौली'ले ४ करोड, 'ज्वाइँ साब'ले २ करोड कमाएका छन् । यी सबै चलचित्र दसैं, तिहार छेको चलेका हुन् । त्यसबाहेक अरू चलचित्रले पनि राम्रै कमाइरहेका छन् । समग्रमा, नेपाली चलचित्रको कमाई एक अर्ब नजिक पुगेको छ । यति धेरै कमाइ नेपाली चलचित्रबाट भएको यो पहिलो पटक हो । कीर्तिमान कमाइ गर्न २१ लाखभन्दा बढी दर्शक पाएको बताइन्छ ।

नेपाली चलचित्र क्षेत्रको कीर्तिमानी उत्साहबाट अनेक सन्देश लिन सकिन्छ । मूल सन्देश त नेपाली चलचित्र क्षेत्रमा अथाह संभावना छ भन्ने नै हो । भारतीय चलचित्रको दबदबा चिर्न संभव छैन भन्ने बुझाइ यस पटक गलत सावित भएको छ । हुनत बितेको डेढ दशकयता नेपाली चलचित्रले आफ्नो स्पेश जबर्जस्त बनाउन थालेको हो । अहिले प्रविधिको बढ्दो पहुँच, वैदेशिक रोजगारीमा आधारित भए पनि नागरिकको आर्थिक विकास इत्यादिका कारणले नेपाली चलचित्रले कीर्तिमानी दर्शक पाउन संभव भइरहेको छ । मौलिक रचना, अभिनय जस्ता थुप्रै कुरा सुधार्न आवश्यक होलान्, तर विदेशी चलचित्रभन्दा स्वदेशीलाई नेपालीले प्राथमिकतामा राख्छन् भन्ने सन्देश पनि लिन सकिन्छ । चलचित्र क्षेत्रमा सीमित नहुने हो भने अरू उद्यममा पनि कीर्तिमानी सफलता हासिल हुन संभव हुन्छ । बस्, नौलो प्रयास र अथक मिहिने त भने गरिरहनुपर्छ, स्वदेशभित्रै समृद्धि संभव छ ।

# भूमण्डलीकरणको अवसर र चुनौती

अग्रलेख



● लोकनारायण सुवेदी

मानव सभ्यताको बीसौं शताब्दीको एउटा विश्वव्यापी विशेषता भन्नु यदि विश्व पुँजीवादको केन्द्रभन्दा बाहिरका परिधीय क्षेत्रहरूमा देखापरेका क्रान्तिहरू थिए भने क्रान्तिहरूको यो शृंखलाले विश्व सम्बन्धमा नयाँ राजनीतिक विषयहरूको उदयलाई पनि संकेत गरेको थियो, जसलाई क्रमशः उत्पीडित राष्ट्रहरू, असंलग्न आन्दोलन, तेस्रो विश्व र विश्व-दक्षिण (ग्लोबल साउथ) भनिने गरिन्छ ।

यी पदावलीहरूअन्तर्गत राष्ट्रहरू र मानिसहरू विभिन्न ऐतिहासिक परिस्थितिहरू र सांस्कृतिक पृष्ठभूमिका आधारमा धेरै भिन्न छन् । इन्डोनेसियाका राष्ट्रपति सुकार्नोले सन् १९५५ मा बाङ्डुङ सम्मेलनको उद्घाटन समारोहमा भनेझैं- 'सहभागी राष्ट्रहरू शान्ति, एकता र सहयोगको संसारमा एकसाथ भेला भएका छैनन् । राष्ट्रहरू र राष्ट्रहरूका समूहहरूबीच ठूल्ठूला खाडलहरू छन् । हाम्रो दुखी संसार च्यातिएको छ र यातना दिइएको छ । सबै देशका मानिसहरू भयभीत भएर हिँडिरहेका छन् । नत्र, उनीहरूको कुनै दोषबिना युद्धका कुकुरहरू फेरि एक पटक निर्बाध फुक्काफाल भएका छन् । दशकौं बितिसक्दा पनि राष्ट्रहरू, धर्महरू, जातीय समूहहरू, वर्गहरू, लिंगहरू र मानवता र प्रकृतिबीचका अन्तरविरोधहरू व्याप्त छन्, जसले संकटका शृंखलाहरू निर्माण गरिरहेका छन् ।'

विश्वको अहिलेको नवउदारवादी भूमण्डलीकरणको ऐतिहासिक जग साम्राज्यवाद र शीतयुद्धको समयमा वित्त, प्रविधि, प्राकृतिक स्रोत, जनसंहारका हतियार र संचारलगायतका बहुआयामिक एकाधिकारमा निहीत छ । औद्योगिक र विद्युतीय क्रान्तिदेखि बायोटेक्नोलोजिकल (जैबिक-प्रविधि) र डिजिटल क्रान्तिहरूसम्म, यो विश्वव्यापी व्यवस्था र यसका अन्तर्निहित असमानताहरू चीन र एसियाली क्षेत्रको विकास आवश्यकताहरू पूरा गर्न, अफ्रिकी र ल्याटिन अमेरिकी देशहरूमा थप विकासका लागि समर्थन प्रदान गर्न वा निष्पक्ष विश्वव्यापी विकास र पारिस्थितिकीय संकटहरू पार गर्न नयाँ ढाँचा प्रदान गर्न असफल हुन्छन् ।

उत्पीडित राष्ट्रहरू, तेस्रो विश्व र असंलग्न आन्दोलन साम्राज्यवाद र प्रभुत्ववादी राजनीतिको प्रतिक्रिया हुन् भने आज ग्लोबल साउथले नवउदारवादी भूमण्डलीकरणले निम्त्याएका यी संकटको शृंखलालाई सम्बोधन गर्नुपर्छ र नयाँ राजनीतिक, आर्थिक र सांस्कृतिक सम्बन्ध र परिधीय क्षेत्रहरूको उदयलाई समायोजित गर्ने नयाँ अन्तर्राष्ट्रिय व्यवस्थाको स्पष्ट वकालत गर्नुपर्छ ।

त्यो बाङ्डुङ युगको अन्तर्राष्ट्रिय संयोजनलाई आजको युगसँग तुलना गर्ने हो भने सबैभन्दा महत्त्वपूर्ण भिन्नता वा विकास भनेको चीन र अन्य परिधीय क्षेत्रहरूको सशक्त उदय हो, जसले क्रान्ति र रूपान्तरणको माध्यमबाट विश्व व्यवस्थाको प्रभुत्ववादी संरचनालाई आंशिक रूपमा परिवर्तन गरेको छ ।

बाङ्डुङ युगदेखि नै त्यो आधिपत्य या प्रभुत्व कायम रह्यो तर नियन्त्रण गर्न गाह्रो हुनेगरी शिथिल हुँदै गयो । औपनिवेशिक युगमा युद्धको संकट उपनिवेश, प्रभावक्षेत्र र तथाकथित शक्ति सन्तुलनका लागि होडबाजी गरिरहेका साम्राज्यवादी राष्ट्रहरूबीचको द्वन्द्वबाट उत्पन्न भएको हो भने शान्तिका लागि आजको सबैभन्दा ठूलो खतरा परिधीय क्षेत्रहरूको उदयलाई दबाउने प्रयासबाट उत्पन्न हुन्छ किनकि प्रभुत्ववादी संरचनाहरू शिथिल हुन थालेका छन् ।

दोस्रो विश्वयुद्धपछि पूर्वलगायत विश्वका दक्षिणका देशहरूले राष्ट्रिय मुक्ति र समाजवादी आन्दोलनहरूमार्फत आधुनिकीकरणका लागि आधारभूत अवस्थाहरू प्राप्त गरे । यस जगका साथै केही देशहरू र क्षेत्रहरूले स्वतन्त्र र सहकारी विकासको माध्यमबाट महत्त्वपूर्ण प्रगति पनि गरेका छन् र निरन्तर विश्वव्यापी प्रक्रियाहरूमा निष्पक्ष क्रम पनि खोजिरहेका छन् ।

आन्तरिक र बाह्य संकटका साथ ग्लोबल-नर्थ देशहरू नवउदारवादी भूमण्डलीकरणबाट अधिक नियन्त्रण र एकाधिकारमा सरेका छन् र क्षेत्रीय युद्ध संकटहरू ठूलो मात्रामा विश्वव्यापी द्वन्द्वमा बढ्न सक्ने सम्भावना छ । संयुक्त राज्य अमेरिका र युरोपियन युनियनले बारम्बार लगाएको आर्थिक, व्यापार र प्राविधिक प्रतिबन्धहरू एक प्रभुत्ववादी संकटकै अभिव्यक्ति हुन् ।

औपनिवेशिक युगमा जस्तै उत्तरका विश्वव्यापी देशहरूले अब प्राकृतिक स्रोतहरूमा एकाधिकार गर्न सक्दैनन् । जनसंहारका हतियार र संचार माध्यमका हिसाबले पनि प्रभुत्ववादी राष्ट्रहरूको एकाधिकार घट्दो क्रममा छ । बाङ्डुङ सम्मेलनमा उठाइएको शान्तिको रक्षाको मुद्दाले नयाँ युगको सन्दर्भमा नयाँ तात्कालिकता र फरक प्रभाव प्रस्तुत गरेको छ । आज अधिक गहन समकालीन द्वन्द्वहरू ५ प्रकारका एकाधिकार संरचनाहरूभित्र आन्तरिक परिवर्तनहरूसँग नजिकबाट सम्बन्धित बनेका छन् । ती हुन्- वित्त, प्रविधि, प्राकृतिक स्रोतहरू, सामूहिक विनाशका हतियारहरू र संचार ।




*आन्तरिक र बाह्य संकटका साथ ग्लोबल-नर्थ देशहरू नवउदारवादी भूमण्डलीकरणबाट अधिक नियन्त्रण र एकाधिकारमा सरेका छन् र क्षेत्रीय युद्ध संकटहरू ठूलो मात्रामा विश्वव्यापी द्वन्द्वमा बढ्न सक्ने सम्भावना छ ।*

पहिलो, यस सन्दर्भमा वित्तीय प्रणालीलाई हेरौं, जहाँ आधिपत्य विद्यमान छ तर स्पष्ट रूपमा शिथिल हुन थालेको छ । रेनमिन्बीको अन्तर्राष्ट्रियकरण पहिले नै चलिरहेको छ किनकि चीनले धेरै देशहरूसँगको व्यापार सम्झौतामा आफ्नै मुद्रा प्रयोग गर्छ । रुस-युक्रेन युद्धका बेला संयुक्त राज्य अमेरिका र युरोपियन युनियनले लगाएको आर्थिक प्रतिबन्धले २ धारे तरबार जस्तै काम गरेको छ । अन्य देशलाई हानि पुऱ्याउँदा उनीहरूले डलर प्रणालीका स्पष्ट कमजोरीहरू पनि उजागर गरेका छन् । वित्तीय आधिपत्यको प्रणाली समाप्त भएको छैन तर यसको वरिपरिको संघर्ष तीव्र हुँदै गइरहेको छ ।

दोस्रो कुरा, अहिलेको अवस्थामा प्राविधिक एकाधिकारको संकट वित्तीय क्षेत्रको भन्दा पनि गम्भीर छ । सेमी कन्डक्टर (चिप्स) र विज्ञान ऐन, २०२२ उत्पादन गर्न अमेरिकाले सहायक प्रोत्साहन सिर्जना गर्नु यसको एक विशिष्ट उदाहरण हो । जब गैरपश्चिमी देशहरूले टेक्नोलोजिकल सफलताहरू हासिल गर्छन् र उनीहरूको स्वायत्ततालाई बलियो बनाउँछन्, ग्लोबल उत्तर देशहरूले ग्लोबल साउथ देशहरूलाई दबाउन, प्रतिबन्ध लगाउन, सीमित गर्न वा विभाजन गर्न आवश्यक कुनै पनि माध्यमको सहारा लिन्छन् । नवउदारवादी भूमण्डलीकरणले थोपेको अव्यवस्थाको प्रक्रिया तीव्र द्वन्द्वको प्रक्रियामा विकसित भइरहेको छ ।

तेस्रो महत्त्वपूर्ण कुरा, ग्लोबल साउथ देशहरूले स्वतन्त्रता प्राप्त गर्ने र आर्थिक स्वायत्तता बढाउँदै जाँदा प्राकृतिक स्रोतहरूमा ग्लोबल नर्थको एकाधिकारमा पनि संकट उत्पन्न भएको छ । बेल्ट एन्ड रोड इनिसिएटिभप्रति युरोप र अमेरिकाको शत्रुता र प्रतिरोधले औपनिवेशिक युगदेखि स्थापित संसाधन एकाधिकारका लागि अभूतपूर्व चुनौतीहरू प्रतिबिम्बित गर्छ । तसर्थ, चीनले कसरी युरोपेली आधिपत्यभन्दा फरक मोडेल विकास गर्छ र विश्वव्यापी स्तरमा आफ्नो विकास रणनीतिलाई स्पष्ट रूपमा स्पष्ट पार्छ, यो ग्लोबल साउथ देशहरूका लागि पनि एक महत्त्वपूर्ण मुद्दा हो ।

चौथो कुरा, जब सामूहिक विनाशका हतियारहरूको कुरा आउँछ, यसमा एकाधिकार अझै पनि विद्यमान छ । यद्यपि, यो सर्वव्यापी छैन । यसले विश्वव्यापी आणविक संकट र हातहतियारको होडबाजीको नयाँ खतरा निम्त्याएको छ । उत्तर एटलान्टिक सन्धि संगठन (नाटो) र अस्ट्रेलिया-बेलायत-संयुक्त राज्य अमेरिका (एयूकेयूएस) त्रिपक्षीय सम्झौता सामूहिक विनाशका हतियारहरूमा एकाधिकार कायम राख्न र विश्वव्यापी रूपमा नयाँ रणनीतिक ढाँचाहरू स्थापना गर्न डिजाइन गरिएको छ, जसले यस उद्देश्यलाई अगाडि बढाउँछ ।

पाँचौं, संचारको एकाधिकार अझै बलियो छ । समाजवादी व्यवस्थाको पतनपछि ठूला पश्चिमा संचार माध्यमहरूको एकाधिकार कायमै रहेको मात्र होइन, अझ बलियो बन्न गएको छ । टिकटक जस्ता सोसल मिडिया प्लेटफर्मको उदय र अमेरिकी कंग्रेसमा भएको सुनुवाइले अमेरिका र युरोपले मिडियाको एकाधिकारलाई आंशिक रूपमा तोड्न सक्ने कुनै पनि प्रविधिलाई दबाउन सबै उपायहरू प्रयोग गर्ने छन् भन्ने प्रमाणित गर्छ, चाहे त्यो ठूलो राष्ट्रिय मिडिया आउटलेट होस् वा सोसल मिडिया प्लेटफर्म । तथापि, अमेरिका र युरोपद्वारा गठन र स्थापित नयाँ प्रतिबन्धात्मक डिजिटल नीतिहरूले पनि यी क्षेत्रहरूको बढ्दो तनावपूर्ण स्थितिलाई नै प्रकट गर्छन् ।

माथि उल्लिखित सबै परिवर्तनका बीच विश्व अर्थतन्त्रमा एसियाको स्थानको निरन्तर वृद्धि, अफ्रिकी देशहरूमा आर्थिक विकासका लागि नयाँ सम्भावनाहरू, ल्याटिन अमेरिकी देशहरूले स्वतन्त्र विकासको खोजी गर्ने दीर्घकालीन प्रवृत्ति र एक्काइसौं शताब्दीको समाजवादका लहरहरू रोकिएका छैनन् । ३० वर्षअघि समिर अमिनले भनेका थिए, 'भूमण्डलीकरण व्यवस्था होइन, अव्यवस्था हो र आज यो अव्यवस्था विभिन्न संकटको शृंखलामार्फत द्वन्द्वमा परिणत भइरहेको छ, जसले विश्व शान्ति र विकासका लागि महत्त्वपूर्ण खतरा खडा गरेको छ ।'

एक व्यापक विश्वव्यापी आन्दोलनको रूपमा, ग्लोबल साउथको लक्ष्य एकपक्षीय विकासलाई अगाडि बढाउनु मात्र होइन, यसको उद्देश्य त अधिक न्यायपूर्ण, शान्तिपूर्ण र पर्यावरणअनुकूल विश्व व्यवस्थाको दिशामा काम गर्नु हो । यसका लागि वित्त, प्रविधि, संचार माध्यम, प्राकृतिक स्रोत तथा जनसंहारका हतियारमाथिको एकाधिकार तोड्न र शान्ति सुरक्षाका लागि विश्वव्यापी निःशस्त्रीकरणलाई व्यवस्थित गर्न जरुरी छ ।

यस अर्थमा, ग्लोबल साउथको आन्दोलन दक्षिणको आन्दोलन मात्र होइन बरु विश्वव्यापी सम्बन्धमा परिवर्तनलाई बढावा दिने र मानव सभ्यताको अस्तित्व र विकासका लागि नयाँ सार्वभौमिकताको खोजी गर्ने विश्वव्यापी व्यापक आन्दोलन हो ।

## इतिहासमा आज

सन् १६४२ नोभेम्बर २४ मा खोजकर्ता अबेल जनसुन तास्मानले तास्मानिया पत्ता लगाएका थिए ।



सन् २००१ नेभेम्बर २४ मा टर्कीको संसद् ग्रयान्ड नेसनल एसेम्ब्लीले महिलाको पुरुष समान अधिकारबारेको कानुन पारित गरेको थियो ।



सन् १९९८ नोभेम्बर २४ मा बेलायतकी महारानी एलिजाबेथ द्वितीयले बेलायती संसद्को वार्षिक उत्सव उद्घाटन गर्दै 'हेरिडेटोरी पियर्स'लाई मतदानबाट बञ्चित गरिएको घोषणा गरेकी थिइन् ।



सन् १९७१ नेभेम्बर २४ मा डी. बी. कुपर भन्ने व्यक्तिले पोर्टल्यान्डको ओरेगनबाट उडेको हवाई जहाज अपहरण गरेका थिए । तर, यसबाट कुनै मानवीय क्षतिभ भएन । उनी कहिल्यै पक्राउ परेनन् र पहिचान पनि भएन ।



## सामाजिक सञ्जाल



**मुमाराम खनाल**

संसारमै अराजकताको प्रमुख स्रोत असहिष्णु, अनुदार र असमान राज्य व्यवस्था हो । यति धेरै अराजकताको स्रोत आफैंसँग राखेर प्रमको दल अन्य कुन अराजकतासँग लड्न सडकमा जाने ? सरकारले समस्याहरूको सकारात्मक सम्बोधन गरे अराजकता हराएर जान्छ । सरकार आफैं अराजकताको मतियार बन्ने कि जिम्मेवार संस्थापक ?



**डम्मर खतिवडा**

जो आफैं अराजकता र पपुलिज्मको मातापिता हो, जसले २-२ पटक असंवैधानिक संसद् विघटन गरी लोकतन्त्र 'ट्र्याक आउट' बनाउन खोज्यो, जसले सपना देखाउने नाममा दर्जन बढी झुट बोल्यो, जसले झन्डै दुई तिहाइ तुहाएर आमनिराशा र वितृष्णा फैलायो, उसैले सरकारमै बसेर अराजकताविरुद्ध प्रदर्शन गर्ने रे !



**रञ्जित तामाङ**

हाम्रा जनप्रतिनिधि र नेताहरूमा विदेश मोह यति धेरै छ कि आर्यघाटमा चितामाथि सुतिरहेको बेला 'एकचोटि विदेश डुलेर मात्रै दागबत्ती दिऊँ कि !' भनेर सोधे 'भइहाल्छ नि !' भन्दै जुरुक्क उठ्न बेर छैन । केन्द्रकै नेताहरूको ताल यस्तो छ भने स्थानीय जनप्रतिनिधि विदेशमै हराउनु कुन अनौठो भयो र ?



**दीपा लामिछाने**

यो देशमा अचम्मको परिस्थिति सिर्जना भइरहेको छ । २ ठूला दलहरूको गठबन्धनको प्रधानमन्त्रीको पार्टीले शक्ति प्रदर्शन गरिरहेको छ । सत्तामा रहेर पनि शक्ति प्रदर्शन गर्नुपर्ने आवश्यकता देखिनुले यो संकेत गर्छ कि प्रधानमन्त्रीलाई आफ्नै क्षमतामा विश्वास छैन । जनताको समर्थन गुमाउँदै गएको आभास भइरहेको छ । जे होस्, एमालेको शक्ति प्रदर्शन हास्यास्पद छ ।

## मेरो मत

## जिम्मेवार हुने कि !

नेकपा एमाले सत्ताको नेतृत्वकर्ता दल हो । सत्ताको नेतृत्वकर्ता दल भएको कारण अन्य दलभन्दा उसको जिम्मेवारी र दायित्व स्वभाविक रूपमा बढी छ । एमाले अरूलाई प्रश्न गर्ने होइन, जबाफ दिने ठाउँमा छ ।

यद्यपि, शुक्रबार काठमाडौंको दरबारमार्गमा एमालेले 'जागरणसभा'को नाममा गरेको शक्ति प्रदर्शन जबाफ दिने होइन, प्रश्न गर्ने खालको बन्यो । यसले आमरूपमा नेतृत्वकर्ता जिम्मेवार नभएको बोध गराएको छ । साथै, जनतालाई कोसँग प्रश्न गर्ने भन्ने अवस्था पनि निम्त्याएको छ । एमालेले दरबारमार्गबाट अरूमाथि आक्रोश मात्र पोखेन, प्रश्न पनि उठाइरह्यो । यसलाई हामी सामान्य मान्न मिल्दैन । सत्ता नेतृत्वकर्ताले अरूमाथि प्रश्न होइन, आफूमाथि उठेका प्रश्नको जबाफ दिनुपर्छ ।

एमालेले सरकारको नेतृत्व गरेको ४ महिना बितेको छ । यसबीचमा एमालेले केके गऱ्यो ? एमालेमाथि नै किन प्रश्नहरू उठिरहे ? सुशासनको सन्दर्भमा सरकारको नेतृत्वबाट उसले चालेका कदम के हुन् ? जनताका आधारभूत आवश्यकताहरूको सम्बोधन गर्न के गऱ्यो ? यी प्रश्नको जबाफ अरूले होइन, एमालेले दिनुपर्थ्यो ।

अहिले पनि हाम्रो अर्थतन्त्र सकसमा छ । हाम्रा विकासका कामहरू सही ढंगबाट अगाडि बढेका छैनन् । केन्द्रीय बैंककै विवरणलाई हेर्दा, हाम्रो अर्थतन्त्रको ग्राफ निकै डरलाग्दो खालको छ । तर, स्वयं सत्ताको बागडोर सम्हालेको, अर्थतन्त्रको बागडोर सम्हालेको एमालेबाट जबाफ दिने होइन, प्रश्न तेर्स्याउने काम भयो । अरूमाथि आक्रोश पोख्ने काम भयो । यो सर्वथा गलत छ । एमालेले प्रश्न गर्ने होइन, जबाफ दिनुपर्छ । एमालेले यो गलत अभ्यास र संस्कृति बदल्नुपर्छ ।

एमालेलाई प्रश्न छ, अब त जिम्मेवार बन्ने कि ?

**– परशुराम भुर्तेल**

## विद्यालय शिक्षामा कृषि तालिम

नेपाल जस्तो कृषिप्रधान देशमा कृषि क्षेत्रप्रति युवाहरूको चासो घट्दै गएको छ । शिक्षामा व्यावसायिकता र सीपको कमीले गर्दा अधिकांश युवा खाडी मुलुकतर्फ पलायन हुने क्रम बढ्दो छ । शिक्षा प्रणालीमा सानैदेखि कृषि र अन्य सीपमूलक तालिम समावेश गर्न सके यसले रोजगारी सिर्जना गर्दै भोकमरीलाई समेत रोक्न सक्ने देखिन्छ ।

शिक्षाविद्हरू तर्कहरू हेर्दा पनि विद्यार्थीहरूलाई कक्षा १ देखि नै कृषि प्रणाली र सीपमूलक तालिममा लगाउन सकेमा उनीहरूको व्यावसायिक क्षमतालाई उजागर गर्न सकिन्छ । बालबालिकाको प्रारम्भिक शिक्षामा व्यावहारिक तालिम समावेश गर्दा उनीहरूलाई आत्मनिर्भर बनाउन सजिलो हुन्छ । यसले कृषि क्षेत्रको आधुनिकीकरणमा टेवा पुग्ने र गाउँघरमै स्वरोजगार बन्ने अवसर सिर्जना गर्ने छ ।

सामुदायिकदेखि निजी विद्यालयसम्म यस्तो तालिम लागू गर्न सके विद्यार्थीहरूले पढाइसँगै व्यावहारिक सीप सिक्न पाउने छन् । कृषि तालिममार्फत उनीहरूले खेतीपातीका वैज्ञानिक विधि, जैविक मल प्रयोग र आधुनिक उपकरणको प्रयोग गर्न सिक्ने छन् । यसले उनीहरूको व्यक्तित्व विकाससँगै देशको आर्थिक वृद्धिमा योगदान पुग्ने देखिन्छ ।

रोजगारीको अभावले खाडी जानुपर्ने बाध्यतामा रहेका नेपाली युवाहरूलाई सीप र तालिमले आफ्नै देशमा टिकाई राख्न सक्ने सम्भावना देखिन्छ । कृषि तालिममार्फत आफ्नो उत्पादन वृद्धि गर्न सक्ने र व्यावसायिक कृषिमा लाग्न सक्ने युवाहरूको संख्या बढाउन सके नेपालको लागि आयातमा निर्भर हुनुपर्ने बाध्यता घट्ने छ ।

कृषि तालिमले उत्पादन शक्ति बढाएर खाद्यान्न अभावको समस्या समाधान गर्न मद्दत पुऱ्याउँछ । तालिमप्राप्त विद्यार्थीहरूले गाउँघरमै स्वरोजगार सिर्जना गर्न सक्ने छन् । व्यावसायिक तालिमबाट आत्मनिर्भर युवाहरूले देशभित्रै रोजगारीका सम्भावना पहिल्याउन सक्ने छन् । शिक्षामा सुधार गरी कक्षा १ देखि नै सीपमूलक तालिमको सुरुवात गर्न आवश्यक छ । सरकारले नीति निर्माणमा प्राथमिकताका साथ यस्तो तालिमलाई शिक्षा प्रणालीमा समावेश गर्न आवश्यक देखिएको छ । स्थानीय तहहरूले समेत विद्यालय स्तरमा तालिमको व्यवस्थापन गर्दै विद्यार्थीलाई आधुनिक कृषि प्रणालीबारे सचेत गराउन भूमिका खेल्न आवश्यक छ ।

शिक्षामा कृषि र सीपमूलक तालिमको सुरुवात सानैदेखि भएमा विद्यार्थीहरू आत्मनिर्भर बन्ने र देशको आर्थिक समृद्धिमा योगदान गर्ने आधार तयार हुनेछ । यसले न केवल भोकमरी घटाउने, रोजगारी सिर्जना गर्ने र आयात प्रतिस्थापन गर्नेछ । युवाहरूलाई खाडी देश जानुपर्ने बाध्यताबाट पनि यसले मुक्त गर्ने छ । नेपाललाई आत्मनिर्भर बनाउने एक मात्र समाधान सानैदेखि कृषि र सीपमूलक तालिमको सुरुवात हो ।

**–प्रदीप सिंह**

रौतहटमा चुनावी सरगर्मी

# केन्द्रदेखि जिल्लाका नेताहरू प्रचार प्रसारमा



**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, ८ मंसिर

रौतहटमा यतिखेर चुनावी सरगर्मी ह्वात्तै बढेको पाइएको छ। यही मंसिर १६ गते जिल्लाको तीन ठाउँमा हुन लागेको स्थानीय तहको उपनिर्वाचनको समय नजिकिँदै जाँदा नेता तथा कार्यकर्ताले चुनावी गतिविधि बढाएपछि चुनावी सरगर्मी बढेको हो।

जिल्लाको गढीमाई नगरपालिका-८, राजपुर नगरपालिका-६ र ईशनाथ नगरपालिका-७ गरी यी तिनवटै वडामा अध्यक्ष पदका लागि मंसिर १६ गते उपनिर्वाचन हुन लागेको छ। वडा अध्यक्षहरूको निधन भएको कारण रिक्त पदहरूमा उपनिर्वाचन हुँदैछ। उपनिर्वाचन हुन लागेको यी तीनवटै वडामा एकसाथ चुनावी सरगर्मी बढेको देखिएको छ।

तीनवटै वडामा आ-आफ्ना उम्मेदवारलाई जिताउन केन्द्रदेखि प्रदेश र जिल्ला स्तरका नेता तथा कार्यकर्ता जिल्लामा केन्द्रित भएर प्रचारप्रसारमा लागेका छन्। निर्वाचनको दिन नजिकिँदै जाँदा उम्मेदवार तथा राजनीतिक दलले चुनाव प्रचारप्रसार अभियानलाई तीव्रता दिएका छन्।

पार्टीका नेताहरूले अहिले मतदाता रिझाउन व्यस्त छन्। आ-आफ्ना पार्टीका उम्मेदवारको पक्षमा मत तान्न नेताहरू अहिले पुरै ताकत लगाइरहेका छन्। नेता तथा उम्मेदवारहरूले आ-आफ्ना दलका नेता, कार्यकर्ता तथा समर्थकलाई साथमा लिएर घरदैलो अभियान सञ्चालन गरी मत मागिरहेका छन्। साथै ठाउँ ठाउँमा चुनावी सभा र आम सभाको पनि आयोजना गरिरहेका छन्।

यस क्रममा उम्मेदवारले आफ्ना घोषणापत्र, संकल्पपत्र र प्रतिबद्धतापत्र मार्फत स्थानीय स्तरको विकास र विस्तारसम्बन्धी चुनावी मुद्दा र एजेन्डाहरू मतदातासमक्ष प्रस्तुत गरिरहेका छन्। गढीमाई नगरपालिका-८ मा अहिलेसम्म दुई पार्टीका केन्द्रीय नेता चुनाव प्रचार प्रसार र गतिविधिमा सहभागी भइसकेका छन्।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र नेपाली कांग्रेसका महामन्त्री विश्व प्रकाशक शर्मा रौतहटमा चुनावी गतिविधिमा सहभागी भईसकेका छन् भने अन्य पार्टीका केन्द्रीय नेताहरू समेत आउने क्रममा रहेका छन्।

आफ्ना पार्टीका उम्मेदवारलाई जिताउन केही दिन अघि मात्र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव गढिमाई-८ मा विशाल आमसभामा सहभागी भएका थिए। जसपा नेपालले सो वडामा संदेश यादवलाई उम्मेदवार बनाएको छ।

गढीमाई नपा -८ विरनगरामा यस अघि जसपा नेपालबाट नै रामअज्ञा यादव निर्वाचित भएका थिए तर उनको निधन भएपाछि अहिले सो ठाउँमा उपनिर्वाचन हुन लागेको छ। वडा अध्यक्ष रामअज्ञा यादवको निधन भएपछि उनको श्रीमती जिउती देवी यादव अहिले एमालेबाट उम्मेदवारी दिएकी छिन्। सो वडामा जसपा नेपाल जितेको कारण पुनः वडा अध्यक्ष पद कब्जा गर्न जसपा नेपालले पुरै ताकत लगाइरहेका छन्।

यता गढीमाई -८ को निर्वाचन नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्णा प्रसाद यादवको प्रतिष्ठासँग जोडिएको छ। सो वडामा सभापति यादवको गृह वडा अर्थात घर रहेको कारण आफ्ना उम्मेदवारलाई जसरी पनि जिताउनुपर्ने बाध्यता कांग्रेस सभापति यादवको रहेको छ।

त्यहाँ कांग्रेसका सुबोध कुमार यादव उम्मेदवार छन्। मधेश प्रदेशका पूर्वभौतिक पूर्वाधार विकास मन्त्रीसमेत रहेका सभापति यादव मधेश प्रदेश संसदीय दलका नेता पनि हुन्।

सो वडामा आफ्ना पार्टीका उम्मेदवार सुबोध यादवलाई जिताउन सभापति यादवले कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मालाई दुई दिन अघि बोलाएर घरदैलोमा सहभागी गराएका छन्। घरदैलोमा सहभागी भएका कांग्रेस महामन्त्री शर्माले रौतहटको तीन ठाउँमा हुन लागेको निर्वाचनमा कांग्रेसका उम्मेदवारलाई जिताउन आह्वान गरेका थिए।

कांग्रेस सभापति यादवले आफ्ना गृह वडाको चुनाव जित्न पुरै ताकत लगाईरहेका छन्। मतदाता रिझाउन उनी अत्यन्त सकृय भएर लागेका छन्। तर कांग्रेस पार्टीमै रहेका युवा नेता सन्देश यादवले अन्तिम समयमा जसपा नेपालबाट उम्मेदवारी दिएकाले सभापति यादवका लागि चुनौती बनेको छ।

तर पछिलो समय जसपा नेपालको जनाधार खस्किएको दाबी गर्दै कांग्रेसका नेताहरूले चुनाव जित्ने ठोकुवा गरिरहेका छन्। आफ्ना पार्टीको पक्षमा ठूलो जनाधार रहेको कारण गढीमाई-८ को निर्वाचन बहुमत सहित आफूहरूले जित्ने कांग्रेसका नेताहरूको दाबी छ।

गढीमाई-८ कांग्रेस प्रदेश सभापति यादवको वडा रहेको कारण त्यो चुनाव प्रदेशमा सर्वाधिक चर्चामा रहेको छ। सो वडामा नेकपा एमाले, माओवादी, नेकपा एस, जनमत लगाएतका दलले पनि उम्मेदवारी दिएको छ। चुनाव प्रचारमा विभिन्न दलका केन्द्रीय पदाधिकारीहरू घरदैलोमा उत्रेका छन्। वडाको चुनावमा दलका केन्द्रीय नेताहरू घरदैलोमा सहभागी भएसँगै चुनावी चहलपहल बढेको छ।

# मन्त्री चौरसियाद्वारा गढीमाई मेलाको अवलोकन



**राहुल गुप्ता/मध्यान्ह**
बारा, ८ मंसिर

कानुन न्याय तथा संसदीय मामिला मन्त्री अजय चौरसियाले विश्व प्रसिद्ध गढीमाई मेलाको अवलोकन तथा निरीक्षण गरेका छन्। बारा जिल्लाको महागढीमाई नगरपालिका -१ बरियारपुरमा मंसिर १ गते देखि सुरु भएको उक्त मेलाको मन्त्री चौरसियाले शनिवार अवलोकन गरेका हुन्।

गढीमाई मन्दिर पुगेर मन्त्री चौरसियाले गढीमाईको दर्शन गर्नुको साथै मेलाको अवलोकन गरेको प्रचारप्रसार उपसमितिले जनाएको छ। गढीमाई मेलाको अवलोकन तथा निरीक्षण गर्दै मन्त्री चौरसियाले सनातन कालदेखि प्रत्येक पाँच बर्षमा गढीमाईको मेला लाग्दै आएको र गढीमाईमा आएपछि सबैको मनोकामना पूरा हुने गरेको बताए।

हिन्दूहरुको ठूलो आस्थाको केन्द्रको रुपमा रहेको गढीमाई मेलामा नेपाल सरकारको पूर्ण साथ र समर्थन रहेको मन्त्री चौरसियाले बताए। नेपाल सरकार पर्यटन मन्त्रालयलाई आफू काठमाडौं गएर गढीमाई मेलाको बारेमा जानकारी दिने र पर्यटन मन्त्री समेत मेला अवलोकन तथा निरीक्षण गर्न आउनेमा आफू विश्वस्त रहेको उनले बताए।

विश्व प्रसिद्ध मन्दिरको रुपमा रहेको गढीमाई मन्दिरलाई अहिलेको सरकारले विश्व सम्पदाको सूचीमा समावेश गराउनको लागि पहल गर्नेसमेत मन्त्री चौरसियाले जानकरी दिए।

गढीमाईको दर्शन गर्न आउने सबैको मनोकामना पूरा हुने गरेकोले सबै हिन्दूहरूसँग उनले मेला अवलोकन तथा गढीमाईको दर्शन गर्न आउनको लागि आग्रह गरेका छन्।

विश्व प्रसिद्ध गढीमाई मेला सुरु भएसँगै अहिले केन्द्र र प्रदेशको मन्त्रीहरू मेलाको अवलोकन तथा निरीक्षण गरिरहेका छन्। यसवर्ष विश्व प्रसिद्ध गढीमाई मेलामा करिब ३ करोड दर्शनार्थी अवलोकन गर्न आउने मेला समितिको अनुमान छ।


## काठ बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**सूचना प्रकाशन मिति : २०८१/०८/०९ गते**

श्री सुनपानी सामुदायिक वन उपभोक्ता समूह, बराहताल गा.पा.-०४, सुर्खेतको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल जातको गोलीया काठ ए ग्रेड १४ थानको १८३.७ क्यूफिट काठ, बी ग्रेड ५० थानको ४२६.२ क्यूफिट, सी ग्रेड २३ थानको १०५.९ क्यूफिट गरी कुल ८७ थानको ७१५.८ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री सुनपानी सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, बराहताल गा.पा.-०४, सुर्खेत, डिभिजन वन कार्यालय भेरी, बावियाचौर, सुर्खेतको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री सुनपानी सामुदायिक वन उपभोक्ता समुह**
**बराहताल गा.पा.-०४, सुर्खेत**



# Bhimsenthapa Rural Municipality
# Office of the Rural Municipal Executive
**Khanchok, Gorkha**

## Notice of Invitation for Sealed Quotation

**Second date of publication: 24th November, 2024 (2081/08/09)**

1. Bhimsenthapa Rural Municipality, Office of the Rural Municipal Executive invites sealed quotation from registered suppliers for the following work as listed below.

| Contract ID | Name of Project | Price of Bid Document | Bid Security Amount | Estimated Amount Exclusive VAT & PS | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| BTRM/SQ/ GOODS-4-2081/82 | Procurement & Supply of Medicine & Surgical Item | NRs. 1,000.00 | NRs. 55,000.00 | NRs. 21,76,005.00 | 9th Dec 2024 (2081/08/24) 12.00 hours | 9th Dec 2024 (2081/08/24) 13.00 hours |

2. Sealed bid must be electronically submitted to Bhimsenthapa Rural Municipality, Office of the Rural Municipal Executive through e-GP system. Eligible Bidders may obtain further information from the office of Bhimsenthapa Rural Municipality, Office of the Rural Municipal Executive during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative officer**



## Invitation for Bids

# Kalinchok Rural Municipality
# Office of the Rural Municipal Executive
**Sunkhani, Dolakha**
**Bagmati Pradesh, Nepal**

**First Date of publication : 2081/08/09 (24 November 2024)**

1. ***Kalinchok Rural Municipality*** invites sealed bids or electronic bids from eligible bidders for the following project as stated in SN 1 under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
2. Eligible Bidders may obtain the the Bidding Documents at the office of ***Kalinchok Rural Municipality, Office of the Rural Municipal Executive,Sunkhani , Dolakha*** or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Name of project | Contract no. | Estimated amount excluding Vat and PS (Rs) | Bid Security Amount, NRs. | Bid purchase amount amount, NRs. | Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Soti kalipokhari sadak ward no 08 | KRM/NCB/Works/ Dolakha/15/2081/082 | **20,93,346.82** | 62,000.00 | 3,000.00 | 24th December 2024 at 1:00 PM |
| 2 | Upgrading of Soti-Sadi khola Gujarpa sadak , ward no 08 | KRM/NCB/Works/ Dolakha/16/2081/082 | **42,30,180.39** | 1,25,000.00 | 3000.00 | 24th December 2024 at 1:00 PM |
| 3 | Upgrading of Kyangpol Balodaya Dhupeni Kalinchok Sadak , ward no 01 | KRM/NCB/Works/ Dolakha/17/2081/082 | **20,93,764.79** | 62,000.00 | 3000.00 | 24th December 2024 at 1:00 PM |

For further information: (website : kalinchowkmun.gov.np

**Chief Administrative Officer**



# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**मुसिकोट, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

## सूचना संशोधन गरिएको

**संशोधित सूचना प्रकाशित मिति : २०८१/०८/०९**

यस कार्यालयबाट मिति २०८१/०७/०८ गते प्रकाशित सूचनामा विड सेक्युरिटी रकम तपसिल वमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोमा संशोधन गरिएको र विड पेश गर्ने तथा खोल्ने मिति वाहेक अन्य कुराहरु यथावत रहने व्यहोरा पनि जानकारी गराइन्छ।

| Contract ID | Description of Works | Cost of Bidding Doc | Last Date of Bid submission electronically 12.00 O’clock | Date of Bid Opening, 13.00 O’clock | Bid Security, NRs. | Account Details | Qualifications |
|---|---|---|---|---|---|---|---|
| NCB/MM/ Ruk.W/ W.1S2E_ 081/082/01 | Construction of Ongoing Football Stadium | 5000.00 | 2081.08.14 BS 2024.11.29 AD | 2081.08.14 BS 2024.11.29 AD | 5,17,000 | Office Code: 801065903 Internal Revenue : 07703000001001000001 IR Shirshak : 14229 Dharauti : 07703000003000000001 | Min. AATO : NRs. 20800000 Min. Work Experience, Same size & Nature : NRs. 8400000.00 |

**Chief Administrative Officer**

# आर्थिक अभावले मृत्युको संघारमा जितेन्द्र सदाय, सहयोगको अपिल

**प्रदीप सिंह/मध्यान्ह**
लहान, ८ मंसिर




सिरहा जिल्लाको गोलबजार नगरपालिका-१२ बेतौनाका ३५ वर्षीय जितेन्द्र सदाय हाल प्रादेशिक अस्पताल लहानमा जीवन र मृत्युबीच संघर्ष गरिरहेका छन् । एक महिनाअघि बाख्राका लागि पात टिप्ने क्रममा रुखबाट खसेर मेरुदण्डको हड्डी भाँचिएका सदायको स्वास्थ्य अवस्था अहिले पनि गम्भीर छ। आर्थिक अभावका कारण थप उपचारका लागि उनलाई धरान वा काठमाडौं लैजान सकिएको छैन ।

सदायलाई दुर्घटनापछि तत्कालै लहानस्थित प्रादेशिक अस्पतालमा भर्ना गरियो । चिकित्सकहरूले उनलाई उच्चस्तरीय उपचार आवश्यक रहेको बताएका छन् । तर, आर्थिक कमजोर अवस्थाका कारण परिवारले उनलाई काठमाडौं वा धरानको अस्पतालमा लैजान सकिरहेका छैनन् ।

सदायको परिवार अत्यन्तै कमजोर आर्थिक अवस्थाबाट गुज्रिरहेको छ । तीन सन्तानकी आमा आशा सदायले परिवारका लागि दैनिक खर्च नै धान्न गाह्रो रहेको बताएकी छन् । उपचार खर्च अभावले थप पीडा भोगिरहेको परिवारले समाजसेवी र शुभेच्छुकहरूसँग सहयोगका लागि हारगुहार गरिरहेको छ ।

स्थानीय समाजसेवी भारती दास, कविता मेहता र अखिल नेपाल महिला संघकी जिल्ला सचिवालय सदस्य विभा यादवले व्यक्तिगत रूपमा आर्थिक सहयोग जुटाउँदै आएका छन् । त्यस्तै, वरिष्ठ हेल्थ असिस्टेन्ट ललित यादव र सरुन यादवले पनि सदायको उपचारमा विशेष ध्यान दिएका छन् ।

मधेश प्रदेश सभा सदस्य लालिता दास बिद्रोहीले अस्पतालमै पुगेर परिवारसँग भेट गरेकी छन् र आगामी एक हप्ताभित्र सदायलाई उचित उपचारका लागि धरान वा अन्य अस्पताल लैजाने प्रतिबद्धता जनाएकी छन् । लहान नगरपालिका-३ का वडाध्यक्ष राम दयाल महतोले पनि आर्थिक सहयोग जुटाउने पहल गर्ने वाचा गरेका छन् ।

सदाय नेपालको अपहेलित दलित समुदायका मुसहर जातिका हुन् । आर्थिक रूपमा कमजोर र सामाजिक रूपमा उपेक्षित समुदायका सदस्य भएकाले उनले समाजको अनुदार दृष्टिकोण र सरकारको असंवेदनशीलताबाट दोहोरो पीडा भोग्नुपरेको छ ।

यस्तै, मधेश प्रदेशका स्वास्थ्य मन्त्री शत्रुधन प्रसाद सिंह कोईरीको घर नजिकै बसोबास गर्दासमेत, स्वास्थ्य मन्त्रालयबाट कुनै पहल नभएकोमा स्थानीयहरूले असन्तोष व्यक्त गरेका छन् ।

जितेन्द्र सदायको उपचारका लागि तत्काल ठूलो आर्थिक सहयोग आवश्यक छ । परिवार, समाजसेवी, र चिकित्सकहरूले इच्छुक व्यक्तिहरूलाई सहयोगका लागि अस्पतालमा सम्पर्क गर्न वा सहयोगको समन्वय गर्न अपिल गरेका छन् ।

सदायको यस अवस्थाले नेपालको उपेक्षित समुदायको दयनीय अवस्था र स्वास्थ्य सेवामा रहेको असमानताको समस्या पुनः उजागर गरेको छ । समान अवसर र न्याय सुनिश्चित गर्न समाज र सरकार दुवै गम्भीर बन्नुपर्ने आवश्यकता छ ।

टिकटक स्टार निभा यादवको अस्पताल भ्रमण र आर्थिक सहयोगले पनि सदाय परिवारमा केही राहत पुऱ्याएको छ । अहिले भारती दास, कविता मेहता र विभा यादवको निरन्तर प्रयासकै कारण सदायले जीवन बचाइरहेका छन् ।

यो घटना नेपालमा स्वास्थ्य सेवाको पहुँच, गरिबी, र सामाजिक विभेदको मुद्दालाई फेरि बहसको केन्द्रमा ल्याउन महत्वपूर्ण बनिरहेको छ ।

# सर्वसाधारणलाई जुत्ताको माला लगाउने वडाध्यक्षसहित ७ जनाविरुद्ध मुद्दा दर्ता

**रौतहट/मस-** रौतहटमा सर्वसाधारणलाई जुत्ताको माला लगाएर घुमाउने एक जना वडाध्यक्षसहित ७ जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ । इलाका प्रहरी कार्यालय गरुडाले जुत्ताको माला लगाएर सर्वसाधारणलाई घुमाउने गढीमाई नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष हरिश्चन्द्र सहनीसहित ७ जनाविरुद्ध अपमानजनक तथा अमानवीय व्यवहारसम्बन्धी कसुरमा मुद्दा दर्ता गरेको हो ।

वडाध्यक्ष सहनीसहित स्थानीय सोनेलाल सहनी, सनम सहनी, शैलेन्द्र सहनीलगायत ७ जनाविरुद्ध मुद्दा दर्ता गरिएको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीले जानकारी दिएका छन् ।



केही दिनअघि मात्र उनीहरुले गरूडा नगरपालिका-३ मलाही टोलका परीक्षण सहनी र माधवनारायण नगरपालिका-७ लौकाहा घर भइ हाल मलाही टोल बस्ने १८ वर्षीय राजु सहनीलाई कुटपिट तथा गालीगलौज गरी अमानवीय व्यवहार गरेको प्रहारीको भनाइ छ ।

उनीहरुले गत मंगलबार राति परीक्षण सहनी र राजु सहनीलाई मोटरसाइकलमा बसाएर गरुडाबाट घर लैजाने क्रममा चाँदीपुल नजिक सडक खण्डमा मोटरसाइकल रोकेर गालीगलौज गर्दै कुटपिट गरी दुबैजनाको घाँटीमा जुत्ताको माला लगाइ अपमानजनक तथा अमानवीय व्यवहार गरेको इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी कार्कीले बताए ।

उक्त घटनामा संलग्न रहेका वडाध्यक्ष सहनीसहित ४ जना फरार छन् भने सोनेलाल सहनी, सनम सहनी र शैलेन्द्र सहनी पक्राउ परेका छन् । फरार वडाध्यक्ष सहनीसहित ४ जनाको खोजीकार्य जारी रहेको प्रहरीले बताएको छ ।

पक्राउ परेका ३ जनाविरुद्ध रौतहट जिल्ला अदालतबाट ५ दिनको म्याद लिइ अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । पक्राउ परेका ३ जना इलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा रहेको र घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

# मोरङ-सुनसरी सेवा समाजद्वारा आयोजित रक्तदान कार्यक्रम सम्पन्न

**साउदी अरेबिया/मस-** मोरङ सुनसरी सेवा समाज साउदी अरेबियाको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। डा. सुलैमान एआई हबिब हस्पिटल रियादको सहकार्यमा सेवा समाजले शुक्रबार बृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रममा नेपाली समुदायका २९ जना सदस्यहरूले रक्तदान गरेका छन् । यस कार्यक्रमले रियाद तथा वरपरका अस्पतालहरूमा रगतको अभाव पूर्ति गर्न महत्वपूर्ण योगदान पुऱ्याएको मोरङसुनसरी सेवा समाज साउदी अरेबियाका सचिव देबेन्द्र विश्वकर्माले जानकारी दिए ।

उनका अनुसार कार्यक्रममा सहभागीहरूको उत्साहले समाजको सेवाभावलाई अझै प्रगाढ बनाएको छ। उनले यस्ता कार्यक्रमहरूले नेपाली समुदायबीचको एकता, सहयोग र मानवताको भावना बलियो बनाउने विश्वास व्यक्त गरेका छन् ।

यस्तै आयोजकले कार्यक्रममा सहभागी रक्तदाताहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि यस्ता मानवीय सेवाका कार्यहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ। साथै करिब ४ लाख नेपाली कार्यरत साउदी अरेबियामा नेपाली समुदायद्वारा रक्तदान कार्यक्रम आयोजना हुनु सराहनीय रहेको आयोजकको भनाइ छ ।


**दंगीशरण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**पशुपंक्षी औषधी खरिदको लागि विद्युतीय माध्यमबाट सिलबन्दि दरभाउपत्र आव्हानको सूचना**

**पहिलो पटक प्रकाशित मितिः २०८१/०८/०९**

दंगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हेकुली दाङको आ.व. २०८१/८२ मा स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिका अन्तर्गतको पशु सेवा शाखाको लागि आवश्यक पर्ने पशुपंक्षी उपचारको लागि औषधी गोप्य सिलबन्दि दरभाउपत्रद्वारा खरिद गरिने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीबाट निर्धारित शर्तहरुको परिधिमा रहि सूचना प्रकाशन भएको पन्ध्र (१५) दिनभित्र सार्वजनिक खरिद कार्यालयको www.bolpatra.gov.np/egp बाट नियमानुसारको गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

सिलबन्दि दरभाउपत्र सम्बन्धि शर्त तथा अन्य जानकारी गाउँपालिकाको वेवसाईट www.dangisharanmun.gov.np मा राखिएको व्यहोरा अनुरोध छ ।

| ठे.नं | कामको विवरण | ल.ई रकम | दरभाउपत्र दस्तुर | ठेक्का खोल्ने समय | धरौटी रकम |
|---|---|---|---|---|---|
| DRM/SQ/GOODS/ 2081/082-3 | पशुपंन्छी उपचारको लागि औषधी खरिद | ९९९९९४.७० | १०००.० | २०८१/०८/२४ गते दिनको २ बजे | २९,०००.० |

प्रमुख प्रशासकीय अधिकृत



**लुम्बिनी प्रदेश सरकार**
**उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय**
**जलश्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय**
प्यूठान

**आर्थिक प्रस्ताब खोलिने बारेको सूचना**

**प्रकाशन मितिः २०८१/०८/०९**

यस कार्यालयबाट तपसिल बमोजिमको निर्माण कार्य बोलपत्रको माध्यमबाट खरिद गर्नको लागि मिति २०८१/०६/२३ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तोकिएको मितिसम्ममा Electronic Bid Submission मार्फत यस कार्यालयमा रित पुर्बक प्राप्त भएका बोलपत्रहरुको सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(२) र सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज(४) बमोजिम प्राबिधिक प्रस्ताबहरुको मूल्यांकन तथा परिक्षण हुँदा तपसिल अनुसारको बोलपत्र सारभूत रुपमा प्रभाबग्राही भएकोले सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज(५) बमोजिम सारभूत रुपमा प्रभाबग्राही बोलपत्रदाताको आर्थिक प्रस्ताब २०८१/०८/१६ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम/कामको विवरण | सारभूत रुपमा प्रभाबग्राही बोलपत्रदाताको नाम, ठेगाना |
|---|---|---|---|
| 1. | WRIDDO/ PYUTHAN/ DIWANGIP/ WORKS/NCB -01/081-82 | Construction of Intakes, Canal and Canal Structures of Diwang IP, Swargadwari Na.Pa.-9, Pyuthan | 1. Hari Bhakta Nirman Sewa Udhyog, Gangadev GP-02, Rolpa<br>2. Jaljala Nirman Sewa, Rolpa NP-10, Rolpa<br>3. KYA/MANDAVI/MANDABI JV, Swargadwari NP-04, Pyuthan<br>4. Tara-Padma-La.Bi Kiran JV, Khalanga, Pyuthan<br>5. Konda Construction, Sanepa, Lalitpur<br>6. Divyashakti/Santosh/Powernepal JV, Pyuthan NP-09, Pyuthan |

नि. डिभिजन प्रमुख



Karnali Province Government
Ministry of Physical Infrastructure & Urban Development
Infrastructure Development Directorate
**Infrastructure Development Office, Jumla**

**Letter of Intent**

**Date of Publication: 2081/08/09 (24th Nov, 2024)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bid under PPMO's E-Procurement portal, published in Nagrik Daily Newspaper on 24th Sep, 2024 that the "Letter of Intent" has been issued in favour of following bidders who are selected on financial bid having substantially responsive lowest evaluated bid price.

| S. N. | Contract ID No./Project Name | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|
| 1 | IDO/JUMLA/NCB/W/14/081/082, Chautara Hundai Napaani Samma Sadak Upgradation Works Guthichaur-1 | M/S Tshringnirmansewa | 2385775.65 |
| 2 | IDO/JUMLA/TB/GOODS/NCB/01/2081/082, Lamrachaur Garapari trial Bridge | M/S Junkiri Industries P. Ltd., Butawal, Rupandehi. | 2596125.28 |

Act.Office Chief
**Infrastructure Development Office, Jumla**



**साउदीमा रोजगार**

कम्पनी: **Al Furat Water Company Factory.** शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०८/०६ चलानी नं.: ६०२२८४८० L.T. No.: 314004

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,०९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: **The Perfect Time Center for Relaxation** शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०८/०७ चलानी नं.: ६०२२८४७९ L.T. No.: 314127

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 3 | 0 | स. काममा दक्ष | 1200 | ४३,०९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १६ गते (1 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**टि. जि. एल. नेपाल प्रा. लि.**
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोन: ५९०६२५२ फ्याक्स: ५९०६२५३
श्रम इजाजत नं. ८५३/०६६/०६७



**कतारमा रोजगार**

कम्पनी: **RAY PROJECTS ENGINEERS & CONTRACTORS** शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८१/०८/०७ चलानी नं.: ६०२२८४८४ LT. No.: 314056

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 1800 | ६६,५४६ | | | | | | |
| 3. | Mason Brick/ Plaster | 2 | 0 | | 1200 | ४४,३६४ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १६ गते (1 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Paragon H.R. Management Pvt. Ltd.**
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com
Govt.Lic.No. 1519/074/075



**गौरीशंकर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सुरी, दोलखा
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८१/०८/०९**

मितिमा २०८१/०६/०२ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र भएकोले सार्वजनिक खरिद ऐन, 2063 को दफा 27 (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अकं (मु.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| 1 | 01/GRM/NCB/ GOODS/2081-82 | Supply & Installation of furniture for Gaurishankar Rural Municipality. | New Look Furniture, New Baneshwor, Kathmandu. | रु ३१,०९,७६०।०० |

प्रमुख प्रशासकीय अधिकृत

# बालअधिकार रक्षकहरूको राष्ट्रिय भेला काठमाडौंमा

**काठमाडौं/मस-** बाल अधिकार रक्षकहरुको तीन दिने राष्ट्रिय भेला काठमाडौंमा शुरु भएको छ। बालविवाह रोकथाम तथा न्यूनीकरणमा बालबालिकाको सभागिता अभिवृद्धि गर्ने तथा दक्षिण एशियामा बालविवाह रोकथामको क्षेत्रीय मूल्यांकन एवं कार्ययोजना तय गर्ने उद्देश्यले बाल अधिकारका क्षेत्रमा कार्यरत विभिन्न ६ वटा संस्थाको संयुक्त आयोजनामा उक्त कार्यक्रम शुरु भएको हो।



कार्यक्रमको आयोजकहरुमा मानव अधिकार आयोग, राष्ट्रिय बाल अधिकार परिषद्, राष्ट्रिय कार्य तथा समन्वय समूह (एनएसीजी) नेपाल, कन्सोर्टियम नेपाल, बालिका दुलही होइनन् (जीएनबी) र बालबालिकाविरुद्ध हिंसा अन्त्य गर्न दक्षिण एशियाली पहल (साइवाग) रहेका छन्।

उक्त भेलामा सातवटै प्रदेशमा बाल अधिकारको क्षेत्रमा काम गरिरहेका बालबलिकाका प्रतिनिधिहरुका साथै आयोजक एवं बालबालिकाको क्षेत्रमा काम गर्दै आएको अन्य संघसंस्थाका प्रतिनिधि तथा विज्ञहरुको सहभागिता रहेको छ। प्रत्येक प्रदेशबाट तीन/तीन जना समेत गरी २१ जना तथा विभिन्न अल्पसंख्यक समुदायबाट थप १० जना समेत गरी ३१ जना बालबालिकालाई समेत सहभागी गराएर कार्यक्रम आयोजना गरिएको छ। कार्यक्रम अन्तर्गत बालबालिकाहरुले बालविवाह रोकथामका लागि गरेका प्रयास र त्यसक्रममा देखिएका चुनौतीबारे विस्तृत छलफल हुनेछ। कार्यक्रमको उद्घाटन सत्रमा मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले बालविवाह रोकथामका लागि कानूनी मात्रै नभएर अन्य पक्षहरुलाई ध्यान दिनुपर्नेमा जोड दिए। अहिले बालविवाहको अभियोगमा पक्राउ परेकाहरुलाई जबरजस्ती करणी, शरिर बन्धक जस्ता अभियोग लगाएर वर्षौंसम्म जेलमा राख्ने गरेको भन्दै यसमा बालविवाहको कसुरमा मात्रै कारबाही गर्नुपर्नेमा जोड दिए। उनले एउटा अस्पतालमा ९९ जना सुत्केरीमध्ये १७ जनालाई २० वर्षभन्दा कम उमेरको पाएको बताउँदै कानूनी व्यवस्थाले मात्रै बालविवाह अन्त्य हुने अवस्था नरहेको बताए। यसका लागि समाजका विभिन्न पक्षमा सुधार गर्नुपर्ने आवश्यकता रहेकोमा उनको जोड थियो।

कार्यक्रममा संघीय संसदको कानून न्याय तथा मानव अधिकार समितिकी सभापति विमला सुवेदीले आफूहरुले १० बन्दीगृह र ३ बाल सुधारगृहको अनुगमन गर्दा बाल विवाहकै आरोपमा धेरै थुनामा पर्ने गरेको पाइएको बताइन्। सुवेदीले पनि बालविवाहको रोकथामका लागि जरासम्मै पुगेर समाधान खोज्नुपर्नेमा जोड दिइन्।

कार्यक्रममा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सहसचिव दीपकराज नेपाल, साइवागका महासचिव रिञ्चेन छोपेल, गैर सरकारी संस्था महासंघका अध्यक्ष रामप्रसाद सुवेदी, कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जन जीएनबी ग्लोबलकी श्रृष्टी कोलक्षपति बाल अधिकार रक्षकका तर्फबाट बालिका प्रतिनिधि राजनन्दिनी चौधरी, राष्ट्रिय बाल अधिकार परिषद् सदस्य सचिव इन्द्रदेवी ढकाल, एनएसीजीकी ऋतु भट्टराई लगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा अमेरिकी सरकारबाट ग्लोबल एन्टी-रेसिजम च्याम्पियनसिप अवार्डबाट सम्मानित बाल अधिकारकर्मी उर्मिला चौधरीलाई सम्मान समेत गरिएको थियो।

# खानेपानीको पहुँच विस्तारमा लागिपरेका छौं : मन्त्री थापा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, ८ मंसिर




लुम्बिनी प्रदेश सरकारले खानेपानीको पहुँच विस्तारलाई प्राथमिकताका साथ अघि बढाएको छ। नेपालको संविधान प्रदेशको कानूनले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकलाई मौलिक हकको रुपमै स्थापित गरेकाले योजनावद्ध रुपमा खानेपानीको पहुँच विस्तारलाई जोड दिइएको प्रदेश सरकारले जनाएको छ।

लुम्बिनी प्रदेशका सबै घरधुरीमा २ वर्षभित्र एक घर एक धारा पुऱ्याउने लक्ष्य लिए बमोजिम खानेपानीको क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरी लगानी गरिरहेको खानेपानी तथा शहरी विकास मन्त्री सरोज थापाले बताए। उनले खानेपानीको विस्तार गर्नुपर्ने स्थानको पहिचान र विस्तार भइसकेको स्थानमा गुणस्तर वृद्धिका लागि सरकारले योजनाबद्ध रुपले काम गर्न खानेपानी, सरसफाइ तथा स्वच्छतालाई प्राथमिकतामा राखेर खानेपानी ट्यांकी निर्माण गरिरहेको बताए।

प्रदेश खानेपानी मन्त्रालयले अब योजना निर्माण पश्चात पहुँचको आधारमा भन्दा आवश्यकताको आधारमा खानेपानीका योजना र बजेट विनियोजन गर्ने लक्ष्यका साथ आफु अगाडि बढेको मन्त्री थापाले बताए। खानेपानी जस्तो संवेदनशिल कुरालाई 'योजनाबद्ध रुपमा खानेपानी जनताको आवश्यकताको आधारमा वितरण गर्दा सामाजिक न्यायको सिद्धान्त पालना हुने सबै जनताको खानेपानीमा पहुँच पुग्ने मन्त्री थापाले दाबी गरे। संघीय सरकारले प्रदेशमा कार्यान्वयनमा रहेका तर सम्पन्न भइनसकेका धेरै आयोजना प्रदेश सरकारलाई हस्तान्तरण गरेको भएपनि आवश्यक बजेट नपठाउँदा समस्या भएको ती योजनामा समेत प्रदेशले अपनत्व लिँदा बजेटको समस्या भएको छ। ती आयोजना सम्पन्न गर्न मन्त्रालयले क्रमश: बजेट विनियोजन गरी अघि बढाएको मन्त्री थापाले जिकिर गरे।

समानीकरणतर्फका योजना पनि तीव्र गतिमा अघि बढेको बताउँदै मन्त्री थापाले स्रोत व्यवस्थापन र संगठन क्षमताको तालमेल मिल्न सके कामले गति लिने बताए।

पछिल्लो समय बढेको तीव्र शहरीकरण र सडक, पुलपुलेसा सडक विस्तार गाउँटोलमा घरघरमा बाटो निर्माणका कारण खानेपानीका स्रोत विनाश भइरहेका छन्। पानीको स्रोत संरक्षण र खानेपानी आयोजनाको दिगो व्यवस्थापन अहिलेको मुख्य चुनौती रहेको खानेपानी मन्त्रालय लुम्बिनी प्रदेशका महासाखा प्रमुख गुणानिधि पोखेल बताउँछन्। अब खोलामा जलाशय बनाएर पानी पुऱ्याउनुपर्ने अवस्था आएकाले प्रत्येक पालिकाले जलाशय निर्माण गर्नुपर्ने नीति नै बनाउन आवश्यक रहेको महाशाखा प्रमुख पोखेलको भनाइ छ।

योजनावद्ध विकासको प्रणाली अपनाउँदा खानेपानी योजनाको वर्तमान संरचना र आगामी दिनमा गर्नुपर्ने कार्यको मार्गदर्शन हुने भएकाले मन्त्रालयले सोही अनुसार काम गरिरहेको मन्त्रालयका सचिव बासुदेव पाण्डेले बताए। अहिले प्रदेश सरकारले १२ जिल्लामा सबै धरधुरीमा खानेपानीको सेवाको पहुँच र गुणस्तरको अवस्थाको बारेमा सबै जिल्लाका डिभिजन कार्यालयमार्फत अध्ययन गरिरहेको छ।

# मंगोल नेसनल अर्गनाइजेसन कतारका संस्थापक अध्यक्षसहित ९ जना सलोराम नेपालमा प्रवेश

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, ८ मंसिर

मंगोल नेश्नल अर्गनाइजेशन कतारका संस्थापक अध्यक्ष सञ्जय आङदेम्बेसहित विभिन्न दलमा आस्थावन ९ जना औपचारिक रूपमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च(सलोराम)नेपालमा सलिसाम कतारमार्फत नेपालमा प्रवेश गरेका छन्।



शुक्रबार सलिसाम कतारले आयोजना गरेको एक कार्यक्रममार्फत आङदेम्बेसहित मनेअ कतारका पूर्वप्रमुख सल्लाहकार ज्ञानेन्द्र येक्तेन समेत सलिसाम प्रवेश गरेका हुन्। सलिसाम प्रवेश गर्नेहरूमा विभिन्न दलको सदस्यता परित्याग गरी तुलाराम तामाङ, पवन येक्तेन, बलबहादुर येक्तेन, खेम बहादुर दर्जी मोते, सुरेश आङदेम्बे, दिलकुमार राई, केवल सीँ राई लगायतका व्यक्तिहरू रहेका छन्। नव प्रवेसीलाई सलिसाम कतार तथा कार्यक्रमका अध्यक्ष डम्बर लिबाङ मिसेकसहितले खादा लगाएर पार्टीमा स्वागत गरेका थिए। नवप्रवेशीहरुले आफ्ना प्रतिवद्धत्तामक भनाइहरू राख्ने क्रममा नेपाल जस्तो बहुल-राष्ट्रियता भएको देशमा एकले अर्काको राष्ट्रियतालाई परास्त पार्ने, एक अर्काबीचको अस्तित्वलाई अस्वीकार गर्ने जस्ता सिद्धान्त बोकेर हिँड्नु गलत भएको बताए। उनीहरूले विगतमा आफू आवद्ध संगठनमा नेपाली समाजको बनावट अनुरूप पार्टीका नीति र सिद्धान्तहरू संशोधन गर्दै अघि बढ्नुपर्छ भन्ने बुझाइ नदेखिएको बताउँदै सबै भाषी, धार्मिक, वर्ग, क्षेत्र र लिंग बीचमा सहअस्तित्व भाव सृजना गर्न सकियो भने मात्र राष्ट्रिय एकता बलियो हुने विश्वास व्यक्त गरेका थिए।

सलिसाम कतारका वरिष्ठ उपाध्यक्ष कुमारसीं योङहाङले स्वागत मन्तव्यसहित पार्टीको बारेमा संक्षिप्तमा प्रकाश पारेका थिए भने उपमहासचिव तथा प्रवक्ता ताङसाहाङ तुम्बापाले सहजीकरण गरेका थिए। कार्यक्रमका अध्यक्ष लिबाङले नव प्रवेशीलाई संगठनको अनुशासन तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए। संगठनमा नव प्रवेशी नेता तथा सदस्यहरूलाई यथाशीघ्र विभिन्न जिम्मेवारी दिएर अघि बढ्ने समेत मञ्चका प्रवक्ता ताङसाहाङ तुम्बापोले मध्यान्ह दैनिकलाई जानकारी दिए।

प्रदेश सरकार
सुदुरपश्चिम प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
**भूमिगत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय**
धनगढी, कैलाली

**बोलपत्र आव्हान सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०९)

यस भूमिगत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय धनगढी, कैलालीको कार्य क्षेत्र अन्तर्गत कञ्चनपुर, कैलाली र डडेलधुरा जिल्लाको विभिन्न स्थानहरुमा भूमिगत सिचाई सम्बन्धि निर्माण कार्य सिलबन्दी बोलपत्रको माध्यम बाट गर्न GWRIDDO/DTW/NCB/1/2081-082 देखि GWRIDDO/DTW/NCB/3/2081-082 सम्मका सिलबन्दी बोलपत्रहरुको लागि मिति २०८१-०८-०९ गते www.bolpatra.gov.np/egp मा सूचना आह्वान गरिएको छ।

| विवरण | सिलबन्दी बोलपत्र |
|---|---|
| दर्ता गर्ने अन्तिम मिति र समय | २०८१/०९/०९ गते दिनको १२:०० बजे |
| खोल्ने अन्तिम मिति र समय | २०८१/०९/०९ गते दिनको २:०० बजे |

सिलबन्दी बोलपत्र पेश गर्ने तरिका : विद्युतिय माध्यमबाट मात्र (Electronic Submission Only) विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्नुहुन वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**कार्यालय प्रमुख**

**जापानमा रोजगार** Company: TDI Business Cooperative
पुर्व स्वीकृती मितिः २०८१/०८/०६ चलानी नं. ६०२२८४५४ LT No.: 314009

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | VEHICLE MAINTENANCE | 1 | [illegible] | 1,75,000 | १,६१,१३८/- | क.नि. अनुसार | ७.५ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने / नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु.५०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि।

**१) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय कुलेश्वर, काठमाडौमा २०८१ मसिर १६ गते (1 Dec., 2024) हुनेछ।**

**वैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्। २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्। ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्। ५) अनिवार्य रुपमा बिमा गराउनुहोस्। ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसंग राख्नुहोस्। ७) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्। ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोटः जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ। जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ।**

**अराउण्ड द वर्ल्ड सर्भिसेज् प्रा. लि.**
श्रम इजाजत नं.: १०१/०५८/०५९ कुलेश्वर, काठमाडौं, फोन: ०१-५३७२०८०, ५३०१३५९, ९८५११७६६०५ Email : awsnepal@gmail.com

**Invitation for Bids**

**Devghat Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Devghat, Tanahun**
**Gandaki Province, Nepal**

**Invitation for Bids for Devghat Benisangam Chakraworti Hardi Padmarga. (Thimura Pul to Benisangam Section) at Devghat, Tanahun**

**Invitation for Bids No: NCB/DRM/ROAD/03/2081/82**
**Date of publication: 24th Nov, 2024**

1. Devghat Rural Municipality, Devghat, Tanahun invites electronic bids from Nepalese eligible bidders for Devghat Benisangam Chakraworti Hardi Padmarga. (Thimura Pul to Benisangam Section) at Devghat, Tanahun under National Competitive Bidding procedures. The estimated amount for the works is Rs 1,64,36,847.81 (Exclusive of VAT and Contingencies).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Devghat Rural Municipality, Devghat, Tanahun, devghat.ruralmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding document is available in online and can be downloaded from e-GP system. http:// www.bolpatra.gov.np/egp. interested bidders should be registered in the e-GP system and deposit the cost of bidding documents NRs. 3,000.00 in the following specified Bank.

   **Name of the Bank : Siddhartha Bank Limited, Devghat Branch**
   **Name of Office : Devghat Rural Municipality**
   **Office Code no. : Ga.1.1 Internal revenue account,**
   **Account No : 00815412921**

4. Interested bidders should submit online bid through e-procurement portal http:// www.bolpatra.gov.np/egp. only on or before 2024, Dec-24. Bids received after this deadline will be rejected. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP system operating guideline 2073 and user manual issued by PPMO which are available in e-GP system.
5. Pre-bid meeting shall be held at Devghat Rural Municipality, Devghat, Tanahun at 2024, Dec-14.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2024 Dec-24 at the office of Devghat Rural Municipality, Devghat, Tanahun. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRS 4,33,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.

   **Name of the Bank : Siddhartha Bank Limited, Devghat Branch**
   **Name of Office : Devghat Rural Municipality**
   **Office Code no. : Ga.3 Sthania Tatha Dharauti,**
   **Office Account no. : 00815169863.**

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

मध्यान्ह
www.madhyanhadaily.com
९ मंसिर २०८१, आइतबार
24 November 2024, Sunday

# नेपाल फिल्म सोसाइटीको अध्यक्षमा मल्ल निर्विरोध



**काठमाडौं/मस–** वरिष्ठ अभिनेता कृष्ण मल्ल नेपाल फिल्म सोसाइटीको केन्द्रीय अध्यक्षमा पुनः निर्विरोध निर्वाचित भएका छन् । नेपाल फिल्म सोसाइटीको १२औं साधारणसभाबाट विशिष्ट अभिनेता मल्ल अध्यक्ष पदमा चयन भएका हुन् ।

काभ्रेको थुम्की रिसोर्टमा भएको साधारणसभा धुलिखेल नगरपालिकाका नगर प्रमुख अशोक ब्याञ्जु श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो भने विशिष्ट अतिथिहरूमा वरिष्ठ अभिनेत्री बसुन्धरा भुसाल, वरिष्ठ लोक गायक प्रेमराजा महत, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली, लक्ष्मण न्यौपाने र अभिनेत्री करिश्मा मानन्धर थिए ।

अध्यक्षमा निर्वाचित भएपछि अध्यक्ष मल्लले नेपाली कलाकारिताको विकासमा आफू कटिबद्ध भई लागिपर्ने र नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउन अहोरात्र खट्ने बताए ।

सोसाइटीको प्रथम उपाध्यक्षमा निर्माता मोहनकृष्ण श्रेष्ठ, द्वितीय उपाध्यक्षमा नारायण प्रधान र तृतीय उपाध्यक्षमा राकेश खड्का निर्वाचित भएका छन् । त्यसैगरी महासचिवमा राजेन्द्रकुमार बिसुराल, सचिवमा टंकनाथ पौडेल र कोषाध्यक्षमा शंकरलाल श्रेष्ठ, सहकोषाध्यक्षमा दुर्गा बिशुराल र सोसाइटीको सदस्यहरूमा क्रमशः सुनिल कटुवाल, मधुकुमार श्रेष्ठ, गोपालकाजी कायस्थ, शिवहरि बैरागी, शर्मिला मल्ल, आरपी पन्त र सुभाष खड्का सर्वसम्मत चयन भएका छन् । नेपाल फिल्म सोसाइटीको शाखा अमेरिका र बेलायतमा समेत छन् ।

# मीना चौलागाईंको 'मनोकांक्षा' लोकार्पण




**काठमाडौं/मस–** नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति भूपाल राईले मीना चौलागाईंद्वारा रचित मुक्तकसंग्रह 'मनोकांक्षा'को लोकार्पण गरेका छन् । शनिबार प्रज्ञाप्रतिष्ठानको पारिजात प्रवचन कक्षमा एक समारोहबीच कुलपति राईले मुक्तकसंग्रह 'मनोकांक्षा'को लोकार्पण गरेका हुन् ।

सो अवसरमा कुलपति राईले मुक्तकले घटनाप्रधान र विषयवस्तुको प्रभावजन्य झड्का उत्पन्न गर्न सक्नुपर्ने बताए । उनले भने, 'मुक्तक दर्शनढुंगा र चकमक ठोस्दा निस्किने झिल्को जस्तै बन्न सक्नुपर्छ ।' यस अर्थमा मुक्तककार मीना चौलागाईंका मुक्तक भावोत्पादक र सामयिक मूल्यबोध गर्न सक्षम रहेका उनले बताए ।

नेपाल प्रज्ञाप्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य तथा सामाजिकशास्त्र विभाग प्रमुख डा. कौशिला रिसालले चौलागाईंद्वारा रचित ' मनोकांक्षा' मुक्तकसंग्रहमा प्रेम तथा शृंगारिक मनोभावना व्याप्त रहेको बताएकी थिइन् । उनले मुक्तकमा सुख, दुःखका कुरा, यथार्थ अनुभूति, मातृप्रेम, मानवीय संवेदना र आरोह-अवरोह चित्रण भएको बताइन् ।

लोकार्पित मुक्तकसंग्रहबाट मुक्तककार पार्वती भट्ट, कार्मु चौलागाईं, प्रकाश बस्नेत ' गफाडी' र निलाञ्जला भारद्वाजले ३/३ वटा मुक्तक वाचन गरेका थिए । कार्यक्रममा वरिष्ठ गजलकार ज्ञानुवाकर पौडेल, सुनिल अधिकारी, रमेश पौडेल र प्रतीक ढकालका साथै कोमल ढुंगाना र आयुश्री चौलागाईंले शुभकामना मन्तव्य राखेका थिए ।

मुक्तक कृति 'मनोकांक्षा'की सर्जक चौलागाईंले आफ्नो मुक्तक लेखनशैली र रचनागर्भका बारेमा बताउँदै केही मुक्तक वाचन गरेकी थिइन् ।

नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोनेको अध्यक्षतामा महासचिव यादव भट्टराईको उद्घोषण र प्रतिष्ठानका केन्द्रीय सदस्य दिव्य गिरीको स्वागत मन्तव्य थियो ।

# खड्काको 'प्रेमिल अनुभूति'




**काठमाडौं/मस–** गजलकार रामचन्द्र खड्काको गजल 'प्रेमिल अनुभूति' लोकार्पण भएको छ । शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच उक्त कृति विमोचन गरिएको हो ।

सोही क्रममा खड्काले पेसाले सिभिल इन्जिनियर भए पनि समय परिस्थितिले आफूलाई गजलकार बनाएको बताए । उनले गाउँघरको उकालीओराली र दुःखसुखको सम्झनामा गजल तयार भएको बताए । उनले जीवनको मूल्य बढाउनका लागि राप र ताप सहनुपर्ने बताए ।


## नबिल बैंक लिमिटेड, महाराजगंज शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०८/०९)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तो किए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

#### ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा अपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०१/२७ मा दर्ता नं. २१४८१४/७५/०७६ अन्तर्गत दर्ता भएको **चाँ ब्रदर्श ट्रेड प्रा. लि ।**
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०३, लाजिम्पाट, काठमाडौं ।

#### कम्पनीका संचालकहरु तथा ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. बाबु काजी श्रेष्ठको नाति रत्न बहादुर श्रेष्ठको छोरा काठमाडौं जिल्ला चुनीखेल न.पा वडा नं. ०४ बस्ने, ना.प्र.नं. २७१०१८/२३८५२ (जारी मितिः २०६५/०४/२१, स्थान काठमाडौं) भएका **निलन श्रेष्ठ ।**
२. हर्षमणि श्रेष्ठको नाति बाबु काजी श्रेष्ठको छोरा काठमाडौं जिल्ला चुनिखेल गाउँ पञ्चायत वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा वडा नं. १३ बस्ने, ना.प्र.नं. ३२१२ (जारी मितिः २०४४/०६/०१, स्थान काठमाडौं) भएका **रत्न बहादुर श्रेष्ठ ।**
३. शेर बहादुर श्रेष्ठकी नातिनी राम प्रसाद श्रेष्ठकी छोरी काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा वडा नं. १३ बस्ने ना.प्र.नं. २७३०१३/७३ (जारी मितिः २०६३/११/०४, स्थान काठमाडौं) भएकी **रजनी श्रेष्ठ ।**
४. डोरेन्द्र बहादुर बानियाको नाति सुरेन्द्र बहादुर बानियाको छोरा गोरखा जिल्ला फिनाम गा.वि.स वडा नं. ०७ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा वडा नं. २ बस्ने, ना.प्र.नं. ४४१००३/८५ (जारी मितिः २०६४/०७/२०, स्थान गोरखा) भएका **कपिल बानिया ।**
५. खामसुङ गुरुङ्गको नाति कर्तो गुरुङ्गको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १७ बस्ने, ना.प्र.नं. १७०७२ (जारी मितिः २०५९/०३/१३, स्थान काठमाडौं) भएका **दावा गुरुङ्ग ।**

#### धितोको विवरण

काठमाडौं जिल्ला चुनिखेल नगर पञ्चायत वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा वडा नं. १३ बस्ने, **रत्न बहादुर श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, चुनिखेल गा.वि.स वडा नं. ९ख मा अवस्थित कि.नं.१९९ र १८९ क्षेत्रफल ७९४.७५ र ४५४.८७ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**सवारी साधनको विवरणः**
ऋणी **चाँ ब्रदर्श ट्रेड प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बागमति प्रदेश-०१ ०२७ च २५८९ भएको Maruti Suzuki Eeco Cargo.

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



# Kumakh Rural Municipality
# Office of Rural Municipal Executive
### Karnali Province
### Ragechaur, Salyan

## Invitation for Bids

**Date of publication: 2081/08/09 (2024/11/24)**

**Invitation for Bids for the: Sadhanmudachaur Ek Ghar Ek Dhara Khanepani Aayojana**

Kumakh Rural Municipality Office, Salyan invites only electronic bids from Nepalese eligible bidders for the construction of below mentioned works under National Competitive Bidding procedures.

| S. N. | Contract No. | Description | Bid Security | Exclusive of VAT and Contingencies with inclusive ps | Bid document Deposit fee NRs |
|---|---|---|---|---|---|
| 1. | KRM-NCB -W-03/2081/082 | Sadhanmudachaur Ek Ghar Ek Dhara Khanepani Aayojana | 1,10,000 | 42,75,781.17 | 3000 |

1. Eligible Bidders may obtain further information & inspect the bidding document at Kumakh Rural Municipality, Office of Rural Municipal Executive, Ragechaur Salyan. Phone : 9857844801, Email: ito.kumakh2073@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp, Bidders submitting their bid electronically, should deposit NRs.**3000** for the cost of bidding document in the project Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank : **Himalayan Bank Ltd, Kumakh Branch**
   Name of Office : **Kumakh Rural Municipality, Ragechaur Salyan**
   Rajaswa (revenue) Account No **:** 05907797630011
   Office Code : 305016001
   **Revenue Code Number: 14229**
3. Electronic bids must be submitted to the office **Kumakh Rural Municipality** through PPMO website **www.bolpatra.gov.np/egp** on or before 12:00 Noon **2081/09/09 (**24-12-2024). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 13:00 Hrs on **2081/09/9 (**24-12-2024**)** at the Kumakh Rural Municipality Office, Salyan. Bids must be valid for a period of **90 day's** and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of above bids security, which shall be valid for **30 day's** beyond the validity period of bid.
5. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



# Silichong Rural Municipality
# Office of the Rural Municipal Executive
### Tamku, Sankhuwa-sabha
### Koshi Province, Nepal

## Invitation for Bids

**Date of Publication: 2081/08/09 (24 November, 2024)**

1. Silichong Rural Municipality, Tamku, Sankhuwasabha invites electronic bid for the construction of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (With Vat& PS Iteam) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs. (Not refundable) | Remark |
|---|---|---|---|---|---|
| NCB-SRM -03-081/82 | Construction of Dankhila Swasthya ikai 2 kothe bhawan project | Rs. 19,17,612.80 | NRs. 40,000.00 | 3000.00 | |
| NCB-SRM -04-081/82 | Construction of yaphu aadharbhut swasthya kendra truss bhawan sudridikarn | Rs. 24,99,118.66 | NRs. 57,000.00 | 3000.00 | |

2. Details of Bid:

| S.N. | Bid Validity Period | Bid Security Validity Period | Deadline for Purchase of Bid | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|---|
| 1.<br>2 | 90 Days after bid opening . | 30 days beyond Bid Validity Period ( 2082-01-11) | 2081-09-08 During Office Hour | 2081-09-09, 12:00 Hrs. | 2081-09-09, 13:00 & 13:30 Hrs, | Electronics Bid Only. |

3. For Further Details bidders are requested visit website www.silichongimun.gov.np or notice board of Silichong Rural Municipality Office or may visit PPMO egpsystem www.bolpatra.gov.np/egp.
4. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Everest Bank, Tamku, Sankhuwasabha (Branch: Silichong)**
   **Name of Office : Silichong Rural Municipality, Sankhuwasabha**
   **Office Account Number : 08400106200011 (Internal Rajaswa Account) Shirshak no. :14229**
   **Dharauti Khata Number : 08400106200003**
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Asst. Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
९ मंसिर २०८१, आइतबार
24 November 2024, Sunday



# पर्यटकीय व्यवसाय फस्टाउँदा देशको अर्थतन्त्र नै सुध्रिन्छ

रेष्टुरेन्ट र बारमा गएर खाना खाने संस्कृति विकास भएको धेरै समय भएको छैन । विशेषगरी शहरी क्षेत्रमा रेष्टुरेण्ट तथा बारको व्यवसाय बढ्दो छ । रेष्टुरेण्ट तथा बारमा पुग्ने युवा जनशक्ति धेरै जाने हुन्छ । कोरोनाअघि राम्रो व्यपार व्यवसाय रहेको रेष्टुरेण्ट तथा बार पछिल्लो समय व्यापार खस्किएको व्यवसायीहरु बताउँछन् । उपभोग गर्ने जनशक्ति देशबाहिर हुँदा समेत रेष्टुरेण्ट तथा बारको व्यवसाय मन्दीकै अवस्थामा छ । विदेशी र आन्तरिक पर्यटकको भरमा चलेका रेष्टुरेण्ट तथा बार व्यवसाय कसरी चलिरहेका छन भन्ने विषयमा रेष्टुरेण्ट एण्ड बार एशोसिएशन (रेबान) का अध्यक्ष **संघर्ष बिष्ट**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

**संघर्ष बिष्ट**
**अध्यक्ष, रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेबान)**

**रेष्टुरेण्ट एण्ड बार व्यवसायको अवस्था कस्तो छ ?**

हाम्रोमा बाह्य र अन्तरिक पर्यटकको भरमा रेष्टुरेण्ट एण्ड बार सञ्चालन भएका छन् । जति हुनुपर्ने हो त्यति भएको छैन । कोभिडले थला परेको रेष्टुरेण्ट एण्ड बार व्यवसाय अझै अपेक्षितकृत रुपमा बढ्न सकेको छैन । कोभिडकालबाटै सुस्ताएको व्यवसायले फस्टाउन सकेको छैन । कोभिड सकिएपछि जुन गति व्यवसाय बढ्नु पर्ने थियो त्यो भएको छैन । रेष्टुरेण्ट एण्ड बारको व्यापार विस्तारको बिकल्प नेपालमा अब विदेशी पर्यटक भित्राउने र आन्तरिक पर्यटक प्रवर्द्धनको कार्यक्रम सञ्चालन गर्नु नै हो ।

पर्यटकहरू जति नेपाल भित्र्याउन सकिन्छ यो व्यवसायामा त्यति नै गति लिन्छ । तर, खर्च गर्न सक्ने पर्यटनको आगमन बढाउने नीति बनाउनतर्फ सरकारको केन्द्रित हुनु आवश्यक देखिन्छ । अर्को नेपालमा फ्लाइट र सडक सुरक्षाको कारण पर्यटक बढ्न सकेका छैन । नेपाल आउने पर्यटकहरू समेत एयरलाइन्स चढ्न नै डराउने अवस्था छ । महँगो हवाइ टिकट र बाटोको अवस्थाको कारण आन्तरिक र बाह्य पर्यटकको जुन किसिमको चहलपहन हुनुपर्ने थियो त्यो हुन सकेको छैन । त्यसको असर रेष्टुरेण्ट एण्ड बारको व्यवसाय छ ।

**काठमाडौंको ठमेलमा चौविसैघण्टा खुल्ला गरिएको छ । अन्य पर्यटकीय स्थानमा खोल्नका लागि अब के गर्नुपर्छ ?**

अहिले जसरी ठमेलमा चौविसै घण्टा खुल्ला भएको छ, यसले विश्वभरी नै नेपालको राम्रो सन्देश गएको छ । विश्वमा नै दिउँसोमा भन्दा रात्रिकालीन व्यवसाय धेरै चल्ने र व्यापार बढ्ने समेत हुन्छ । दिनभरी घुम्ने रातमा रमाइलो गर्ने संस्कृति फैलिँदो छ । नेपालमा ठमेल बाहेक रातीमा कहीँ खानको लागि रेष्टुरेण्ट एण्ड बार खोज्यो भने हुँदैन । यसले पर्यटकका लागि असहज भएको छ । ठमेल चौविसै घण्टा खोल्दा नजिता राम्रो आएको छ । तर अझैपनि सुरक्षामा कम भएको हो की भन्ने गुनासो आइरहेको छ । साउण्डको समस्या, घरवेटीको समस्या भएको गुनासो आउँछ तर, त्यसलाई सम्वोधन गर्न सकिन्छ । दिनको समयमा हुने व्यवसाय भन्दा रातमा खुल्ने व्यवसायले अर्थतन्त्रलाई चलाउन धेरै नै सहयोग पुग्छ । अर्को महत्वपूर्ण कुरा रोजगारी नै हो । अहिले जसरी विदेश जाने ट्रेन चलेको छ त्यो रोक्नको लागि देशका पर्यटकीय सहरहरु चौविसै घण्टा खोल्नुपर्छ । रात्रिकालीन रेष्टुरेण्ट एण्ड बारको योजना आउँदा रोजगारीको वातावरण बन्न सक्छ ।

**रेष्टुरेण्टमा ग्राहकको आगमन कस्तो छ ?**

खाना र बस्नको लागि नेपाल सस्तो मुलुकमा पर्छ । सस्तो मुलुक हुँदाहुँदै पनि विदेशी पर्यटक नेपाल आउने वातावरण हामीले बनाउन सकेका छैनौं । रेष्टुरेण्ट एण्ड बार राम्रो हुँदा देशको अर्थतन्त्र नै सुध्रिन्छ । अब व्यवसायमैत्री वातावरण बनाउने हो भने स्वदेशी र विदेशी ग्राहकको संख्या बढ्छ । अहिलेको अवस्थामा नेपाल पर्यटकको लागि महँगो गन्तव्य बनेको छ । त्यसको मुख्यकारण हवाई टिकट नै हो । खाना र बस्न भन्दा पनि यात्राको क्रममा भाडा धेरै खर्च भइरहेको छ । जसको असरस्वरूप पर्यटकले खानेकुरामा गर्ने

> खाना र बस्नको लागि नेपाल सस्तो मुलुकमा पर्छ । सस्तो मुलुक हुँदाहुँदै पनि विदेशी पर्यटक नेपाल आउने वातावरण हामीले बनाउन सकेका छैनौं । रेष्टुरेण्ट एण्ड बार राम्रो हुँदा देशको अर्थतन्त्र नै सुध्रिन्छ । अब व्यवसायमैत्री वातावरण बनाउने हो भने स्वदेशी र विदेशी ग्राहकको संख्या बढ्छ ।

खर्चमा कन्ट्रोल भएको देखिन्छ । आउन जान नै महँगो हुँदा खर्च गर्नको लागि छुट्याएको बजेट भाडा मै खर्च गर्नुपर्ने बाध्यता देखिन्छ । यस्तो समस्या आन्तरिक र बाह्य पर्यटक दुवैमा छ ।

**रेष्टुरेण्ट एण्ड बारमा भ्याट लाग्ने गरेको छ । यसले कस्तो असर परेको छ ?**

भ्याट देशको लागि आवश्यक हो । व्यवसाय गर्नेले



भ्याट तिर्नु पनि पर्छ तर, यहाँ भ्याटको दायरा बढाउने विषयमा ध्यान दिइएको छैन । केही व्यवसायीले भ्याट तिर्ने र केहीले नतिर्ने समस्या छ । भ्याटको दायरा बढ्न सकेको छैन । नेपालमा ३० प्रतिशत भ्याट तिर्ने व्यवसायी होलान तर, अरु ७० प्रतिशतमा छैन । त्यसैले सरकारले रेष्टुरेण्ट एण्ड बारमा न्यूनतम भ्याट लिएर भएपनि सबैलाई दायरामा ल्याउन सक्छ । अहिलेको भ्याट दरलाई रेष्टुरेण्ट एण्ड बारमा आधा घटाउन सकिन्छ ।

**आन्तरिक पर्यटकको कारण रेष्टुरेण्ट एण्ड बारलाई कतिको फाइदा भएको छ ?**

सडकको अस्वथाको कारण देशभित्र नै मानिसहरूको मुभमेन्ट निकै कम छ । आन्तरिक अर्थतन्त्र चलायमान नहुँदा त्यसको असर देखिएको छ । अधिकांश व्यवसाय क्षेत्र शिथिल अवस्थामै छन् । मानिसहरू खर्च गर्न आनाकानी गर्नु पर्ने बाध्यता छ । कोभिड भन्दा अघि खर्च गर्ने रमाइलो गर्ने, जमघट गर्ने माहोल थियो । अहिले ४ वर्ष यता त्यो अवस्था अझै बनेको छैन । सरकारले समेत आन्तरिक अर्थतन्त्र चलायनमान गराउनका लागि दिर्घकालीन योजना नल्याउँदा समस्या भएको हो । भारत र चीनमा आन्तरिक पर्यटकले अर्थतन्त्र चलायमान भइरहेको छ । हाम्रोमा भने खर्च गर्न सक्ने युवा जनशक्ति बाहिर छ । खर्च गर्ने कोही छैन । अब विस्तारै वातावरण बन्छ की भन्ने आशावादी बन्नुको विकल्प छैन । नेपाली खानेकुरालाई ब्राण्डिङ गरी विश्वमा पुऱ्याउन सके रेष्टुरेण्ट एण्ड बारको भविष्य उज्वल छ ।

# चिलिमेका ३ वटै आयोजना सम्पन्न, १६८ मेगावाट थप

**काठमाडौं/मस** – नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युतको अगुवाइमा रसुवामा सुरु भएका तीन वटा जलविद्युत आयोजनाको निर्माण सम्पन्न भएको छ । ती जलविद्युत आयोजना निर्माण सम्पन्न भई एक सय ६८ मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । तीनवटै आयोजनाबाट उत्पादित विद्युत रसुवाको आमाछोदिङ्मो गाउँपालिका थम्बुचेतस्थित प्राधिकरणले बनाएको २२०/१३२/३३ केभी सवस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिएको हो ।



कूल १४ दशमलव आठ मेगावाटको माथिल्लो साञ्जेन, ४२ दशमलव पाँच मेगावाटको साञ्जेन र एक सय ११ मेगावाटको रसुवागढी जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिएका हुन् । यसमध्ये माथिल्लो साञ्जेन गत वर्षको असोजमा निर्माण सम्पन्न भई व्यावसायिक रूपमा विद्युत उत्पादन गरी हालसम्म करिब ३० करोडको विद्युत बिक्री गरिसकेको छ ।

यस्तै, ४२ दशमलव पाँच मेगावाटको साञ्जेन जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी शुक्रबारदेखि राष्ट्रिय प्रसारण लाइनमा जोडी परीक्षणका रूपमा विद्युत उत्पादन सुरु गरिएको छ । त्यस्तै, एक सय ११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई हाल परीक्षणका रूपमा विद्युत उत्पादन गरिरहेको छ । परीक्षण उत्पादन सफल भएपछि एवं तोकिएको मापदण्ड पूरा गरेपछि साञ्जेन र रसुवागढीको व्यावसायिक रूपमा विद्युत उत्पादन सुरु हुनेछ । दुवै आयोजनाबाट यही महिनाभित्रमा व्यावसायिक रुपमा विद्युत उत्पादन हुनेछ । नदी प्रवाहमा आधारित ती आयोजनाबाट हिउँदयाममा करिब ८० मेगावाट मात्र विद्युत उत्पादन हुन्छ । चिलिमे जलविद्यत कम्पनीको अनुवाइमा दुई सय ७० मेगावाटका चार वटा आयोजना सुरु गरिएकामा सिन्धुपाल्चोकमा निर्माणाधीन एक सय दुई मेगावाटको मध्यभोटेकोसीबाहेक तीन वटा आयोजना सम्पन्न भएका हुन् ।

सबै आयोजना २०७२ सालको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पन एवं बाढीपहिरोले पुऱ्याएको क्षति तथा अवरोध, कमजोर भौगर्भिक अवस्था, विभिन्न आन्दोलनका कारण निर्माण सामग्री ढुवानी र इन्धन आपूर्तिमा आएको समस्या, प्रत्येक वर्षायाममा आयोजना क्षेत्रमा आइरहे ठूलो बाढी, पहुँच मार्गमा निरन्तर गइरहने पहिरो, कोभिड-१९ को महामारी, सामान आयातमा सिर्जित समस्यालगायतको चपेटामा परेका थिए । यसले गर्दा आयोजनाको निर्माण प्रभावित भएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विभिन्न कारणले जीर्ण बनेका चिलिमेका आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न हुनु ठूलो उपलब्धि भएको जानकारी दिए । 'म चिलिमे कम्पनीको प्रबन्ध-सञ्चालक भएकाबेला आमसर्वसाधारणको पनि लगानी रहनेगरी एकसाथ चारवटै आयोजनाको निर्माण अगाडि बढाइएको थियो, मुख्य रुपमा काबु बाहिरको परिस्थितिका कारण आयोजनाहरूको निर्माणमा केही समय लागे तापनि तीनवटै आयोजनाहरुको निर्माण सम्पन्न भई विद्युत उत्पादन सुरु भएको छ, बढी विद्युत माग हुने काठमाडौं उपत्यकाबाट नजिकै रहेका आयोजनाले हिउँदयाममा विद्युत प्रणालीलाई सन्तुलन र भरपर्दो बनाउन सहयोग गर्नेछन्', कार्यकारी निर्देशक घिसिङले भने ।

भूकम्प, नाकाबन्दी, विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन, निर्माण अवधि लम्बिँदा ऋणको ब्याजदर तथा प्रशासनिक खर्च बढ्दा लागतमा केही वृद्धि भएको छ । माथिल्लो साञ्जेन र सञ्जेन गरी दुवै आयोजनाको अनुमानित लागत निर्माण अवधिको ब्याजबाहेक सात अर्ब ३५ करोड थियो । आयोजनाको प्रवर्द्धक साञ्जेन जलविद्युत कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्पणबहादुर सिंहले निर्माण अवधिको ब्याजबाहेक आयोजनाहरूको लागत नौ अर्ब २० करोड हुने अनुमान गरिएको बताए । उनले लागत अनुमानबमोजिम दुवै आयोजनाको अनुमानित लागत प्रति मेगावाट २२ करोड ५० लाख बराबर हुने देखिएको उल्लेख गरे । चिलिमेका चारवटै आयोजनाहरुमा कर्मचारी सञ्चय कोषले ऋण प्रवाह गरेको हो ।

कम्पनीमा चिलिमे जलविद्युत कम्पनीको ३९ दशमलव ३६ प्रतिशत, प्राधिकरणको १० दशमलव ३६ प्रतिशत, रसुवाका स्थानीय तहको एक दशमलव २८ प्रतिशत संस्थापक शेयर छ । कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता र कम्पनीका संस्थापक संस्थाहरू (प्राधिकरण, चिलिमे र रसुवा जिल्लाका सम्बन्धित स्थानीय तह) का कर्मचारीहरू तथा ऋणदाता संस्था (कर्मचारी सञ्चयकोष)का कर्मचारी, आयोजना प्रभावित रसुवावासी र सर्वसाधारणको गरी ४९ प्रतिशत साधारण शेयर छ ।

माथिल्लो साञ्जेन र साञ्जेनबाट वार्षिक रूपमा एक अर्ब ८० करोड युनिट विद्युत उत्पादन हुनेछ । माथिल्लो साञ्जेनलाई विद्युतको बढी माग हुने साँझको समय (पिक) दिउँसोको पानी जम्मा गरी ७०/७० मिनेट पूर्ण क्षमतामा चलाउन सकिन्छ । यसका लागि पिकिङ पोखरी निर्माण गरिएको छ ।

# भैरहवा अब पर्यटनको इपिसेन्टर बन्छ : पर्यटनमन्त्री पाण्डे

**लुम्बिनी/मस** – संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले गौतमबुद्ध विमानस्थल सञ्चालनका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन् । सिद्धार्थ उद्योग वाणिज्य संघ रूपन्देहीद्वारा शनिबार भैरहवामा आयोजित गौतम बुद्व अन्तर्राष्ट्रिय विमानस्थलको दिगो सञ्चालन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा व्यवसायिहरूले आशंका गरेपछि मन्त्री पाण्डेले अन्तर्राष्ट्रिय उडान नरोकिने प्रतिबद्धता समेत जनाए । नेपालकै मध्यभागमा रहेको र बुद्धजन्मस्थल लुम्बिनी समेत नजिकै रहेकाले गौतमबुद्ध विमानस्थल सञ्चालन हुँदा यात्रुलाई पनि सहज हुने मन्त्री पाण्डेले बताए ।




उनले विमानस्थल दिगो रूपमा सञ्चालन गर्नका लागि आफू महिनामा २ पटक आउने समेत प्रतिबद्वता जनाए । 'महिनामा २ पटक विमानस्थलकै लागि भैरहवा आउनेछु' उनले भने, 'संस्कृति र पर्यटन जोडिएकाले भैरहवाबाटै आफ्नो कार्यकक्ष चलाऔं भन्नेमा लागेको छ, मेची-महाकालीको विचमा रहेको स्थल, लुम्बिनी र पोखरा समेत नजिक भएकाले यो विमानस्थल चलाउनुपर्छ भनेर लागेका हौं ।'

मन्त्री पाण्डेले बुद्धजन्मस्थल लुम्बिनीलाई नै केन्द्रमा राखेर विमानस्थल सञ्चालन गरिएकाले भैरहवा अब पर्यटनको इपिसेन्टरक बन्ने बताए । उनले विमानस्थलसँग सम्बन्धित श्रम, भिसा, मेडिकल, म्यानपावर कम्पनी लगायतका अत्यावश्यक कार्यालयहरू स्थापनाका लागि साउनमै निर्णय भएको बताए । गौतमबुद्ध विमानस्थलमा नियमित उडान गर्न र लुम्बिनी विकास कोषलाई सुधारका लागि आफू पर्यटनको ईपिसेन्टर लुम्बिनी आउने बताए ।

# मनकामना केबलकार २७औं वर्षमा प्रवेश

**काठमाडौं/मस**– नेपालकै पहिलो केबलकार, मनकामना केवुलकार २६औं वर्ष पूरा गरी २७औं वर्षमा प्रवेश गरेको छ । मनकामनामा शुरूवाती वर्षमा १० लाख यात्रुहरूलाई सेवा दिएको मनकामना केबलबारले अहिले वार्षिक १२ लाख यात्रुलाई सेवा दिँदै आएको जनाएको छ । यस वर्ष १३ लाख ५० हजार यात्रुलाई सेवा दिने लक्ष्य केबलकारले लिएको छ ।



'२६ वर्ष पुगिसकेको एनालग प्रविधिको मर्मत सम्भार गर्नुका साथै स्पेयर पार्टस् समेत पाउन कठिनाई हुने स्थितिलाई मध्यनजर गर्दै हामीले यस प्रविधिलाई हालकै नवीनतम् डिजिटल प्रणालीमा स्तरोन्नति गरेका छौं', मनकामना केबलकारले जनाएको छ ।

मनकामनामा केबलकार हाताभित्र नै सुविधा सम्पन्न रिसोर्ट निर्माण कार्य पनि अन्तिम चरणमा पुगेको छ । यो रिसोर्टमा स्वीमिङ पुल, हेल्थ क्लब, सभा सेमिनार हल र रेष्टुरेन्टको सुविधा हुने कम्पनीले जनाएको छ । रिसोर्ट संचालन आएपछि मनकामना र वरिपरिका क्षेत्रलाई धार्मिक साथै अन्य पर्यटकीय महत्वका साथ गन्तव्य बनाउने हाम्रो लक्ष्य रहने कम्पनीले जनाएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**